# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०९ | काठमाडौं | सोमबार, २५ साउन २०८३ | Prabhab National Daily | Monday, 10 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


# फेरियो प्रधानमन्त्री शाहको कूटनीतिक शैली

- 'एक्लाएक्लै नभेट्ने' अडानबाट पछि हटे प्रधानमन्त्री शाह
- प्रत्यक्ष कूटनीतिक संवादमा फर्किए
- आज भारत र चीनका राजदूतसँग छुट्टाछुट्टै भेटवार्ता गर्दै
- मंगलबार अमेरिकी कार्यवाहक राजदूतसँग संवाद गर्ने
- भारत-चीनसँग सन्तुलन र अमेरिकासँग सहकार्य बढाउने कदम



■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहको विदेश नीति सञ्चालन गर्ने शैलीमा परिवर्तन देखिएको छ । विदेशी कूटनीतिज्ञसँग एक्लाएक्लै नभेट्ने नीतिबाट उनी पछि हटेका छन् ।

प्रधानमन्त्री भएपछिको साढे चार महिनासम्म भने उनी विदेशी कूटनीतिज्ञसँग सामूहिक भेटको अडानमा रहे । सोहीअनुसार कूटनीतिज्ञहरू भेटे । अब भने उनी उक्त अडानबाट पछि हट्दै छन् ।

आजै उनले भारत र चीनका राजदूतसँग एक्लाएक्लै भेटवार्ता गर्दै छन् । भोलि (मंगलबार) भने अमेरिकी कार्यवाहक राजदूतसँग भेटघाट गर्ने तय भएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

प्रधानमन्त्री शाहले सुरुमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवलाई भेट्ने भएका हुन् । त्यसपछि चिनियाँ राजदूत चाङ माओमिङसँग भेट्ने कार्यक्रम छ । मंगलबार अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बमसँग उनको भेट हुने तय भएको छ ।



उहाँ (प्रधानमन्त्री)ले पहिले जुन अडान लिनुभयो एक्लाएक्लै नभेट्ने भनेर, त्यो ढंगको कूटनीति जायज थिएन । तर, अहिले उहाँ युटर्न हुनुभयो । यो राम्रो हो ।

■ **निलाम्बर आचार्य**
भारतका लागि पूर्वनेपाली राजदूत

प्रधानमन्त्री शाहको भेटघाटको यो क्रमलाई सामान्य औपचारिकताभन्दा माथि उठेर हेर्न थालिएको छ । किनभने नेपालका दुई छिमेकी भारत र चीनसँग प्रत्यक्ष संवादपछि अमेरिकासँग वार्ता गर्ने उनको तयारीले नेपालको परराष्ट्र सम्बन्धलाई सन्तुलित ढंगले अघि बढाउने प्रयास देखाउने जानकारहरू बताउँछन् ।

भारतका लागि पूर्वनेपाली राजदूत निलाम्बर आचार्यका अनुसार प्रधानमन्त्री शाहले सुरुवाती चरणमा 'सबैलाई समान दूरी'को सन्देश दिन खोजे । अहिले भने सम्बन्धको प्रकृति र नेपालको प्रत्यक्ष हितअनुसार कूटनीतिक संवाद अघि बढाउन खोजिरहेको उनले बताए । उनी यसलाई सकारात्मक मान्छन् ।

'उहाँ (प्रधानमन्त्री)ले पहिले जुन अडान लिनुभयो एक्लाएक्लै नभेट्ने भनेर, त्यो ढंगको कूटनीति जायज थिएन,' उनले प्रभावसँग भने, 'तर, अहिले उहाँ युटर्न हुनुभयो । यो राम्रो हो ।'

प्रधानमन्त्री बनेलगत्तै शाहले विदेशी नियोगका प्रमुखहरूसँग छुट्टाछुट्टै भेट गर्ने परम्परालाई निरुत्साहित गरेका थिए । उनको जोड सामूहिक छलफलमा थियो । सोहीअनुसार गत चैत २५ गते उनले २० देशका राजदूत तथा कूटनीतिक प्रतिनिधिसँग एकैपटक भेट गरेका थिए । उक्त अवसरमा भारत, चीन र अमेरिकासहित विभिन्न देशका प्रतिनिधि सहभागी थिए ।

त्यस क्रममा प्रधानमन्त्री शाहले नेपालको विदेश सम्बन्ध कुनै एउटा मुलुक वा शक्तिकेन्द्रको प्रभावमा नपर्ने बताएका थिए । सबै मित्रराष्ट्रसँग समान व्यवहार र राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर सम्बन्ध विस्तार गर्ने उनको धारणा थियो । यो शैलीले उनलाई परम्परागत कूटनीतिक अभ्यासभन्दा फरक देखाएको थियो । तर, प्रधानमन्त्रीका रूपमा काम गर्दै जाँदा कूटनीतिक सम्बन्ध सञ्चालनका व्यावहारिक जटिलता पनि उनको अनुभवमा थपिँदै गए ।

द्विपक्षीय सम्बन्धमा सबै विषय सामूहिक छलफलबाट समाधान गर्न सम्भव हुँदैन । कतिपय संवेदनशील मुद्दामा प्रत्यक्ष कुराकानी, विश्वास निर्माण र गोप्य परामर्श आवश्यक पर्छ । सीमा, व्यापार, पारवहन, ऊर्जा, पूर्वाधार, लगानी तथा सुरक्षा सरोकारजस्ता विषयमा सम्बन्धित देशका प्रतिनिधिसँग छुट्टै छलफल गर्नुपर्ने अवस्था आउँछ ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेस एकताका लागि लचक बन्दै गगन



पार्टीका निवर्तमान सभापति आदरणीय शेरबहादुर देउवादेखि लिएर अघिल्लो केन्द्रीय समितिमा रहनुभएका प्रत्येक साथीहरूले पार्टीको जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ । सबै साथीहरूलाई समेटेरै अधिवेशनतर्फ हाम्रो जिम्मेवारी हो । यो जिम्मेवारी पूरा गर्ने कुरामा कुनै तलमाथि हुने छैन ।

■ **गगन थापा**
सभापति, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापा विशेष महाधिवेशनमा नअटाएकालाई केन्द्रीय समितिमा ल्याउन लचक देखिएका छन् । आइतबारको केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै थापाले शेरबहादुर देउवापक्षलाई पनि समेटेर १५औं महाधिवेशनमा जान आफू तयार रहेको बताएका हुन् ।

यसअघि देउवापक्षका नेताहरूको प्रस्तावको बेवास्ता गर्दै आएका सभापति थापाले देउवापक्षले साउन २९ गते राष्ट्रिय भेलाको तीव्र तयारी गरेपछि मिलेर जान सकिने बताए । 'विशेष महाधिवेशन गरेर आएका साथीहरू र विशेष महाधिवेशनमा भाग लिएका वा नलिएका सबै साथीहरू हामी यहींभित्र छौं, बाहिर पनि छौं, सँगै छौं । अब अधिवेशन गरौं,' थापाले भने, 'सबै कुरामा बसेर छलफल गरौं, कुराकानी गरौं । सबै साथीहरूलाई समेटेरै अधिवेशनतर्फ लैजाने हो, यो हाम्रो जिम्मेवारी हो ।'

उनले निवर्तमान सभापति देउवाले पार्टीमा गरेको योगदान भुल्नै नसक्ने भन्दै तारिफसमेत गरे । 'पार्टीका निवर्तमान सभापति आदरणीय शेरबहादुर देउवादेखि लिएर अघिल्लो केन्द्रीय समितिमा रहनुभएका प्रत्येक साथीहरूले पार्टीको जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ । उहाँहरूप्रतिको त्यो आदर छँदै छ,' थापाले भने ।

देउवा समूहको नेतृत्व पूर्वउपसभापति पूर्णबहादुर खड्काले गरिरहेका छन् । यो समूहले पूर्वमहामन्त्री डा. शशांक कोइरालालाई संयोजक बनाएर साउन २९ गते राष्ट्रिय भेला गर्दै छ । उक्त भेलामा सम्बोधन गर्न बिहीबार पूर्वसभापति देउवा हङकङबाट नेपाल आउँदै छन् ।

देउवा समूहले १४औं महाधिवेशनबाट केन्द्रीय समितिमा आएका सबैलाई गगन नेतृत्वको कार्यसमितिमा अटाउन माग गरेको थियो । उक्त मागमा गगनले कुनै सुनुवाइ नगरेपछि देउवा समूहले अन्तिम चेतावनीस्वरूप २९ गतेसम्म पर्खनसक्ने जनाएको छ ।

यसका लागि थप संवाद गर्न सकिने सभापति थापाले बताए । यद्यपि आफू विधानको सीमाभित्र बस्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै थापाले तर्साउने प्रयास नगर्नसमेत सचेत गराए । 'यो जिम्मेवारी पूरा गर्ने कुरामा कुनै तलमाथि हुने छैन । यसका लागि संवाद गरिरहेको छु, थप संवाद पनि गर्छु । तर एउटा कुराचाहिँ सबैले ख्याल गरिदिनुहुन म आग्रह गर्न चाहन्छु- तर्साएरचाहिँ म तर्सिन्नँ ! दबाएर पनि म दब्दिनँ, र फुक्का ढाँचामा फकाएर पनि फकिन्नँ,' थापाले भने, 'मलाई विधान थाहा छ, विधानको सीमा थाहा छ । विधानको सीमाभित्र म बस्नुपर्छ र म विधानकै सीमाभित्र बस्छु ।'

यो बीचमा देउवापक्षले पार्टीको आधिकारिकता विवाद फैसलामा पुनरवलोकन दर्ता गराएको छ । जसका कारण पनि गगन लचक बनेको देखिन्छ । गत पुस मसान्तमा भएको विशेष महाधिवेशनले कांग्रेसको नेतृत्वमा गगन आएसँगै निर्वाचन आयोगले उनकै नेतृत्वलाई आधिकारिता दिएको थियो । देउवा समूह आयोगको निर्णयविरुद्ध सर्वोच्च गए पनि वैशाख ४ गते सर्वोच्चले आयोगको निर्णयलाई नै सदर गरिदिएको थियो ।

क्रमशः पृष्ठ २ मा

### गगनलाई खड्काको चेतावनी

## नमिले सबै खरानी हुन्छौं



सभापति गगन थापाले केन्द्रीय समितिमा सम्बोधन गरेकै दिन पार्टीका पूर्वउपसभापति खड्काले पार्टी एकता हुनुपर्ने बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमा आफ्नो धारणा सार्वजनिक गर्दै खड्काले सभापति थापालाई एकताका लागि हिम्मत गरे आफू सहयोगी बन्ने बताएका छन् । 'पार्टी सभापति गगन थापाजीसँग मेरो विशेष-विशेष आग्रह र अनुरोध छ- तपाईं हिम्मत र साहसका साथ तत्काल पार्टीको सम्पूर्ण एकताका लागि अग्रपंक्तिमा अग्रसर हुनुस्, हामी अरू सबै यसका लागि सहयोगी हौं, र बन्छौं,' खड्काले भनेका छन् ।

निर्णायक थापा नै भएको र हेक्का नराखे सबै खरानी उनले चेतावनी दिएका छन् । 'निर्णायक तपाईं हो, तपाईं ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### सरकारमाथि दबाब बढाउँदै व्यवसायी

# आज वैदेशिक रोजगार विभागमा शान्तिपूर्ण प्रदर्शन गर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'शून्य समय' घोषणा गर्दै आन्दोलनमा उत्रिएका वैदेशिक रोजगार व्यवसायीहरूले आज वैदेशिक रोजगार विभागमा शान्तिपूर्ण प्रदर्शन गर्ने भएका छन् । व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा प्रदर्शन गर्न लागिएको हो ।

संघले शुक्रबार पत्रकार सम्मेलन गरी वैदेशिक रोजगारीमा 'शून्य समय' घोषणा गरेको थियो । सरकारसमक्ष नीतिगत सुधारको माग राख्दै संघले शून्य समयमा वैदेशिक रोजगारीमा श्रमिक पठाउने काम बन्द गर्ने जनाएको छ । सरकारले नीतिगत सुधार नगरेसम्म श्रमिक नपठाउने अडान संघको छ ।

आफ्नो संघर्षका कार्यक्रमको पहिलो दिन संघले तहाचलस्थित विभागमा आज शान्तिपूर्ण प्रदर्शन गर्ने जनाएको छ । संघले वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित समसामयिक विषय, म्यानपावरसँग सम्बन्धित पछिल्ला घटनाक्रम, यस क्षेत्रका गलत क्रियाकलापका साथै श्रमिक तथा व्यवसायीका हकहित नीतिगत सुधारका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन लागिएको जनाएको छ ।



हामी हरेक दिन संघर्षका कार्यक्रम गर्छौं । सोमबार विभागमा शान्तिपूर्ण ढंगले 'प्ले कार्ड'मात्र देखाएर विरोध गर्छौं । ज्ञापनपत्र पनि बुझाउँछौं ।

■ **महेशकुमार बस्नेत**
प्रथम उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

संघले वैदेशिक रोजगार विभागले विभिन्न समयमा गरी ७५० भन्दा बढी म्यानपावर कम्पनीलाई गरेको कारबाही फिर्ता हुनुपर्ने, श्रमिकको वैज्ञानिक सेवा शुल्क तोकिनुपर्नेलगायत १५ बुँदे माग राख्दै सरकारको ध्यानाकर्षण गराएको थियो । त्यस्तै, श्रमिक लक्षित श्रम गन्तव्य मुलुकको हवाई भाडादर न्यूनीकरण, कृत्रिम अभावको अन्त्य, नयाँ श्रम गन्तव्यको मागपत्र प्रमाणीकरण सञ्चालन गरिनुपर्ने, युरोपका विभिन्न गन्तव्य मुलुकसहित गणतन्त्र कोरियाका ई-७ भिसा, जापानको इएसडी कार्यक्रम तथा महिला घरेलु कामदारका समस्या पनि समाधान गरिनुपर्नेलगायत माग अघि सारिएको छ ।

संघले दिएको १५ दिनको समयमा सरकारले व्यवसायीलाई गर्ने व्यवहार र नीतिगत सुधारमा कुनै प्रगति नभएपछि आन्दोलनको घोषणा गरिएको हो । जसअन्तर्गत भदौ १ गतेसम्म हरेक दिन राज्यका निकायलाई दबाब दिने कार्यक्रम हुने संघका प्रथम उपाध्यक्ष तथा संघर्ष समितिका संयोजक महेशकुमार बस्नेतले बताए । संघका घटक संस्थाहरूलाई पनि संघर्षमा सहभागी गराइने उनको भनाइ छ ।

'हामी हरेक दिन संघर्षका कार्यक्रम गर्छौं । सोमबार विभागमा शान्तिपूर्ण ढंगले 'प्ले कार्ड'मात्र देखाएर विरोध गर्छौं । ज्ञापनपत्र पनि बुझाउँछौं,' बस्नेतले भने, 'त्यसपछिका कार्यक्रमका लागि विभिन्न उपसमितिमा घटक संस्थाहरूको सक्रिय सहभागिताको साथ अगाडि बढ्छौं ।'

आइतबार संघले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतका घटक संस्थाहरूसँग आन्दोलनको रणनीतिबारे छलफल गरेको थियो ।

'आन्दोलनलाई सफल बनाउन घटक संस्थासँग आबद्ध संस्थाको प्रतिबद्धता लिन आह्वान गरिएको छ । घटक संस्थाहरूसँग संघर्षको कार्यक्रमलाई कसरी उत्कृष्ट र सफल बनाउने भन्ने रणनीतिबारे छलफल भएको छ ।

क्रमशः पृष्ठ २ मा


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सद्भाव र शान्ति कायम राख्न धार्मिक अगुवाहरूको सामूहिक प्रतिबद्धता

**सुनसरी–** शान्ति, सद्भाव र आपसी भाइचारा कायम राख्न विभिन्न धार्मिक सम्प्रदायका धर्मगुरु तथा सामाजिक अगुवाहरूले सामूहिक प्रतिबद्धता जनाएका छन् ।

जिल्ला प्रशासन कार्यालयमा आइतबार आयोजित संयुक्त भेलामा सहभागी हिन्दू, मुस्लिम, इसाई र बौद्ध धर्मका अगुवाहरूले समाजमा शान्तिपूर्ण वातावरण कायम गर्न आ-आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् । प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालका अनुसार देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा यही साउन १० गते राति भएको घटनापछि उत्पन्न संवेदनशील अवस्थालाई मध्यनजर गर्दै बैठक आयोजना गरिएको हो ।

यही साउन १० गते आइतबार राति करिब १०:३० बजे साउने सोमबारको बोलबम मेलाका लागि शिव मन्दिरमा जल चढाउन कोशी नदीबाट जल ल्याउने तयारीमा रहेका युवाले ठूलो आवाजमा डिजे बजाएको विषयलाई लिएर दुई समूहबीच विवाद उत्पन्न भएको थियो । सोही क्रममा गोली लागी घाइते भएका १० जनामध्ये उपचारका क्रममा तीन जनाको मृत्यु भएको थियो ।

छलफलमा सहभागी धर्मगुरुहरूले सुनसरीको सामाजिक सद्भाव, सहिष्णुता र आपसी भाइचारामा आँच आउन नदिन सबै पक्ष गम्भीर हुनुपर्ने साथै समाजमा अफवाह फैलिन नदिन तथा शान्तिपूर्ण वातावरण बनाउन धर्मगुरुहरूको भूमिका महत्त्वपूर्ण हुने बैठकले निष्कर्ष निकालेको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए । नागरिकको सुरक्षा प्रशासनको पहिलो प्राथमिकता रहेको उल्लेख गर्दै जिल्लामा शान्ति, अमनचयन र आपसी सद्भाव कायम राख्न सबै पक्षबाट रचनात्मक सहयोग आवश्यक रहेको उनले बताए ।

बैठकमा सहभागी धार्मिक तथा सामाजिक अगुवाहरूले समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याउन तथा सद्भाव सुदृढ गर्न ठोस पहल गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन् । *रासस*

# भक्ताखोला डाइभर्सन निर्माणसँगै हट्यो डुबानको त्रास

**राँझा (बाँके)–** बाँकेको राप्ती सोनारी गाउँपालिका-९ का बासिन्दालाई हरेक वर्ष सास्ती दिँदै आएको भक्ताखोलालाई नयाँ निकास दिएपछि डुबानको त्रास हटेको छ ।

'असार-साउन सुरु हुनासाथ भक्ताखोलामा आउने बाढीले उठिबास लगाउने चिन्ताले सताउँथ्यो । तर, यो वर्षको वर्षायाम भने ढकेरीबासीका लागि फरक हुने भएको छ,' ढकेरी बजार व्यवस्थापन समितिका अध्यक्ष विश्वराज खनालले भने, 'दशकौंदेखि स्थानीयलाई सास्ती दिँदै आएको भक्ताखोलालाई अन्ततः इञ्जिनियरिङ र बलियो स्थानीय इच्छाशक्तिको बलमा बस्तीभन्दा टाढा, जंगल क्षेत्रमा थुनेर नयाँ निकास दिएपछि डुबानको त्रास हटेको छ ।'

राप्ती सोनारी-९ का गुरुवागाउँ, खड्काटोल, पहाडीपूर्वा, थारुगाउँ, ढकेरी र पम्पबजारलाई प्रत्येक वर्ष कटान र डुबान गर्दै आएको भक्ताखोलाले अब समस्या नदिने बताउँदै खनालले दशकौंदेखिको स्थानीयवासीको चाहना र आवश्यकता अहिले पूरा भएको उल्लेख गरे ।

विगतका वर्षहरूमा गाउँ पसेर उपद्रो मच्चाउने बाढीलाई गाउँ पस्नै नदिन बस्तीभन्दा धेरै पर जंगल क्षेत्रबाट तटबन्धन गरेर मोडिएको राप्ती सोनारी गाउँपालिका-९ का वडाध्यक्ष सोहनलाल थारुले बताए । 'प्रत्येक वर्षायाममा ठूलो पानी पर्नासाथ भक्ताखोलामा आउने बाढीले वडाका गाउँबस्तीमा डुबान तथा कटान गर्ने समस्या थियो । यो समस्या समाधान गर्न हामीले खोलालाई तटबन्धन गर्न सफल भएका छौं,' वडाध्यक्ष थारुले भने, 'अब वर्षायाममा भक्ताखोलाको बाढीले गाउँबस्ती डुबानमा पर्ने समस्या पूर्णरूपमा हटेको छ ।'

लुम्बिनी प्रदेश सरकारको ५५ लाख रूपैयाँ लागतमा गुरुवागाउँ नजिकै रहेको आँपखोली सामुदायिक वनस्थित चुरे पहाडलाई कटान गरी भक्ताखोलालाई वन क्षेत्रबाटै वसन्ता खोलामा मिसाइएको छ । यो तटबन्धनपछि अब वर्षायाममा भक्ताखोला र चुके नाला हुँदै आउने बाढी बस्तीभन्दा बाहिरै वसन्ता खोला भएर बग्ने छ, जसका कारण आधा दर्जन गाउँ सुरक्षित भएका छन् ।

राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले भक्ताखोलाले दिँदै आएको दुःखबाट अब जनताले सधैंका लागि छुटकारा पाएका दाबी गरे । भक्ताखोलाको यो सफल प्रयोग गाउँपालिकाका अन्य वडाहरूका लागिसमेत एउटा ढाँचा बन्न सक्ने उनले बताए । चुरेको फेदीमा रहेका बस्तीका लागि भक्ताखोलाको यो डाइभर्सन तथा तटबन्धन आयोजना विकास र विपद् व्यवस्थापनको एउटा सकारात्मक उदाहरण बनेको उनले उल्लेख गरे । 'राप्ती सोनारी गाउँपालिकामा भक्ताखोलाजस्तै दर्जनौं खहरेखोलाहरू छन्, जसले हरेक वर्ष गाउँबस्ती डुबानमा पार्ने गरेका छन्,' अध्यक्ष पौडेलले भने, 'ती सबै खहरेखोलाको दीर्घकालीन समाधानका लागिसमेत हामीले पहल सुरु गरिसकेका छौं ।' *रासस*

## पृष्ठ १ बाट क्रमशः

### कांग्रेस एकताका...

उक्त फैसलाको पुनरवलोकन निस्सा पाएसँगै देउवा समूहमा खुसी छाएको छ भने आधिकारिता पाएको थापा सशंकित बनेको देखिन्छ । यसलाई सभापति थापाले शक्ति र सत्ताको घेराबन्दी भएको दाबी गरेका छन् । 'केही समय लाग्ला, तर हामी यो पार्टी सम्हाल्छौं । यो पार्टीको महाधिवेशन पनि गर्छौं, समयमै गर्छौं । पार्टीको न्यायिक लडाइँ पनि लड्छौं, कानुनी लडाइँ पनि लड्छौं र राजनीतिक लडाइँ पनि लड्छौं । सबै खालका घेराबन्दीहरू चिरेर अघि बढ्छौं,' सभापति थापाले भने, 'हामीभन्दा बाहिर बसेका शक्ति र सत्ताले नेपाली कांग्रेसलाई कसरी घेराबन्दी गरिरहेका छन् भन्ने कुराको हामीलाई राम्रो जानकारी छ । सबै सूचना हामीले राखेका छौं । ती सबैसँग लड्ने र जुध्ने तागत हामी राख्छौं भन्ने विश्वासका साथ हामी अगाडि बढ्नुपर्छ ।'

■■■

### नमिले सबै...

पार्टी एकताका लागि वातावरण निर्माण गर्नका लागि पार्टीका र भ्रातृ-शुभेच्छुक संस्थाका सबै तहका नेता साथीहरूलाई विशेष अनुरोध अनि अपिल- राष्ट्र रहे बहुदलीय लोकतन्त्र रहन्छ, पार्टी रहन्छ, अनि त्यसमा हामी रहने ठाउँ रहन्छ, नभए सबै खरानी हुन्छ । हामी सबैमा हेक्का रहोस्,' खड्काले भनेका छन् ।

कांग्रेस एकताका लागि नेतृत्वले घमण्ड र प्रतिशोध छाड्नुपर्ने सुझाएका छन् । कांग्रेसलाई कमजोर बनाएर संविधानलाई नै धरापमा पार्ने षडयन्त्र अहिले भइरहेको खड्काको दाबी छ । यसका लागि तत्काल निर्णायक अग्रसरता लिनुपर्ने खड्काको भनाइ छ । 'यसका लागि पार्टीका हामी जिम्मेवार प्रत्येक व्यक्तिले हाम्रा व्यक्तिगत अस्वाभाविक महत्त्वाकांक्षा, अहंकार, घमण्ड, प्रतिशोध अनि कुण्ठाबाट मुक्त भएर सामूहिक भावनाबाट पार्टीको सम्पूर्ण एकताका लागि तत्काल निर्णायक अग्रसरताका लागि अघि बढौं,' उनले भनेका छन् ।

सर्वोच्च अदालतले दिएको निस्सा सम्पूर्ण एकताको अन्तिम अवसरसमेत भएको खड्काको तर्क छ । 'सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासले पुनरावलोकनका लागि दिएको निस्सा हामीलाई पार्टीको सम्पूर्ण एकता गर्ने अन्तिम अवसर दिएको हो भन्ने हेक्का राखौं,' उनले भनेका छन् ।

■■■

### फेरियो प्रधानमन्त्री...

यसै कारण शाहको पछिल्लो भेटघाटलाई सुरुवाती नीतिको पुनर्विचारका रूपमा हेरिएको छ ।

प्रधानमन्त्री शाहको कूटनीतिक परिवर्तन भारतसँगको सम्बन्धमा देखिएको छ । सरकार गठनपछि उनका भारतीय समकक्षी नरेन्द्र मोदीले शाहलाई बधाइ दिँदै भारत भ्रमणका लागि निम्तो दिएका थिए । त्यसबेला दुई देशबीच उच्चस्तरीय भ्रमण र संवादका विषयमा चर्चा चल्यो ।

तर, भारतीय विदेशसचिव विक्रम मिस्रीको नेपाल भ्रमण अन्तिम समयमा रोकियो । वालेन्द्र सरकार र भारतबीचको प्रारम्भिक सम्बन्धबारे प्रश्न उठेको थियो । मिस्री नयाँ सरकारसँग छलफल गर्न र प्रधानमन्त्री शाहको सम्भावित भारत भ्रमणबारे वातावरण बनाउन नेपाल आउने तयारीमा थिए ।

त्यस समयमा प्रधानमन्त्री शाहले भारतीय अधिकारीसँग प्रत्यक्ष भेट गर्न रुचि नदेखाएको चर्चा पनि बाहिर आएको थियो । अहिले भने परिस्थिति बदलिएको छ । भारतीय राजदूतसँग प्रधानमन्त्री शाहको छुट्टै भेट तय हुनु दुई देशबीच नियमित संवादलाई पुनः सक्रिय बनाउने कदमका रूपमा हेरिएको छ ।

नेपाल र भारतबीचको सम्बन्ध पनि बहुआयामिक छ । दुई देशबीच व्यापार र पारवहनदेखि ऊर्जा, सीमा, पूर्वाधार, पर्यटन र रोजगारीसम्मका विषय जोडिएका छन् । लाखौं नेपालीको दैनिक जीवनसँग भारतसँगको सम्बन्ध प्रत्यक्षरूपमा गाँसिएको छ । यस्तो अवस्थामा राजनीतिकरूपमा लोकप्रिय देखिने अडानभन्दा व्यावहारिक समाधान खोज्ने संवाद बढी प्रभावकारी हुने पूर्वराजदूत आचार्यले बताए । उनको विश्लेषणमा प्रधानमन्त्री शाहले यही वास्तविकतालाई ध्यानमा राखेर आफ्नो शैली परिवर्तन गर्न खोजेको देखिन्छ ।

भारतपछि चिनियाँ राजदूत माओमिङसँग हुने भेटले प्रधानमन्त्रीको छिमेकी नीतिको अर्को महत्त्वपूर्ण पक्ष उजागर गर्ने छ । नेपालको भौगोलिक अवस्थाले भारत र चीन दुवैसँग सन्तुलित सम्बन्ध राख्न बाध्य बनाउँछ । दक्षिणमा भारत र उत्तरमा चीन रहेको अवस्थामा कुनै एउटा छिमेकीसँगको सम्बन्धलाई मात्र केन्द्र बनाएर विदेश नीति सञ्चालन गर्न सकिँदैन ।

भारतसँग नेपालको सामाजिक र आर्थिक सम्बन्ध पुरानो र व्यापक छ । चीनसँग भने पूर्वाधार निर्माण, व्यापार, कनेक्टिभिटी, लगानी तथा विकास सहकार्यका विषय महत्त्वपूर्ण बन्दै आएका छन् । त्यसैले दुवै देशसँग विश्वास कायम राख्नु नेपालको दीर्घकालीन स्वार्थसँग जोडिएको विषय भएको चीनका लागि नेपाली पूर्वराजदूत डा. टंक कार्की बताउँछन् ।

उनका अनुसार भारतीय र चिनियाँ राजदूतलाई एउटै दिन छुट्टाछुट्टै समय दिएर भेट्नुले पनि प्रधानमन्त्री शाहले दुवै छिमेकीलाई कूटनीतिकरूपमा महत्त्व दिएको सन्देश दिन खोजेको देखिन्छ । दुई छिमेकपछि प्रधानमन्त्री वालेन्द्रले अमेरिकी कार्यवाहक राजदूतसँग भेट हुने कार्यक्रमले पनि उनको बदलिँदो कूटनीतिक सोचलाई स्पष्ट पार्छ ।

अमेरिका नेपालसँग सीमा जोडिएको मुलुक होइन । तर आर्थिक सहयोग, विकास साझेदारी, व्यापार, प्रविधि, शिक्षा र अन्तरर्राष्ट्रिय सम्बन्धका कारण उसको भूमिका महत्त्वपूर्ण छ । विश्व राजनीतिमा प्रभावशाली शक्ति भएकाले अमेरिकासँगको सम्बन्धलाई नेपालले बेवास्ता गर्न सक्दैन । त्यसैले भारत र चीनसँगको प्रत्यक्ष भौगोलिक सम्बन्धलाई प्राथमिकता दिँदै अमेरिकासँग विकास तथा आर्थिक सहकार्यलाई अघि बढाउने प्रयासलाई व्यावहारिक कूटनीतिक कदमका रूपमा लिन सकिने कार्कीले बताए ।

यसले प्रधानमन्त्री शाह कुनै एउटा अन्तर्राष्ट्रिय शक्तिको छातामुनि बस्नेभन्दा विभिन्न देशसँग नेपालको आवश्यकता र हितअनुसार सम्बन्ध विस्तार गर्न खोजिरहेको प्रस्ट हुने परराष्ट्रविद्हरूको भनाइ छ ।

■■■

### आज वैदेशिक...

उहाँहरूको राय सल्लाह, सुझाव लिएका छौं,' संघका महासचिव हिराबहादुर डाँगीले भने, 'घटक संस्थामा आबद्ध सदस्य संस्थाहरूको जिम्मेवारी उहाँहरूले लिएर आफ्नो सदस्य संस्थाहरूलाई आवश्यक पर्दा आह्वान गर्नुहुन्छ ।'

संघले हाललाई शून्य समय मानेर साउन २२ गतेसम्म श्रम स्वीकृति लिएका श्रमिकलाई भदौ १ गते सम्ममा उडाइ सक्नुपर्ने बताएको छ । यसबीचमा प्रधानमन्त्रीका साथै युवा, श्रम तथा रोजगार मन्त्रालयमा ज्ञापनपत्र बुझाउने, वार्ता तथा संवाद गर्ने, विभागमा शान्तिपूर्ण विरोध जनाउने, कालोपट्टी बाँध्ने, विभागले गरेको कारबाही फिर्ता लिन दबाब दिने, कार्यालयको तालाचाबी र लाइसेन्सको प्रतिलिपि विभागलाई बुझाउनेजस्ता कार्यक्रम तय गरिएको छ ।

यति गर्दा पनि माग सम्बोधन नभए भदौ १ गतेदेखि बृहत् आन्दोलनमा उत्रिने संघले जनाएको छ । उक्त आन्दोलनका लागि आवश्यक विभिन्न उपसमिति गठनलगायतको तयारी पनि भइरहेको संयोजक बस्नेतले बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०८२।११।१३ मा दर्ता भएको प्रा.लि.नं. ३८६३१० को **मोन्ट औरा रिसोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सूचना**

यस **ओम ओभरसिज इम्प्लोईमेन्ट प्रा. लि.(इ.प.नं.१५१८/०७४/७५)** मा कार्यरत दिपेन्द्र यादव (ना.प्र.प्र.नं. ४८७२००१८) सर्लाही लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, अन्जना सिलवाल (ना.प्र.प्र.नं. ४५१०५१/११५९) लाई सो पदमा नियुक्त गरिएको यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**बि.पी राजमार्ग अन्तर्गत भकुण्डेबेसी (धुलिखेल (२०.६ कि.मि.) सडक खण्ड स्तरोन्नति कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८३।०४।२५)**

बागमती प्रदेश काभ्रेपलान्चोक जिल्ला अन्तर्गतको नमोबुद्ध नगरपालिका वडा नं. १, २ र ७ः पनौती नगरपालिका वडा नं. ५ः पाँचखाल नगरपालिका वडा नं. १० तथा धुलिखेल नगरपालिका वडा नं. ४, ६, ७, ९, १० र ११ क्षेत्र भित्र तपशिल बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक डिभिजन भक्तपुर, कटुन्जे, भक्तपुर बागमती प्रदेश, नेपाल, फोन नं.०१-६६१२०७४ ईमेल- droadbhaktapur@gmail.com |
| **प्रस्तावको व्यहोरा** | बि.पी राजमार्ग अन्तर्गत भकुण्डेबेसी (दाप्चा पुल नं.२)-धुलिखेल (२०.६ कि.मि.) सडक खण्ड स्तरोन्नति सडकको चौडाइः १० मिटर (नाली बिना) |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | नमोबुद्ध नगरपालिका वडा नं.१, २ र ७, पनौती नगरपालिका वडा नं. ५ः पाँचखाल नगरपालिका वडा नं. १० तथा धुलिखेल नगरपालिका वडा नं. ४, ६, ७, ९, १० र ११ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रको विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**:

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक डिभिजन भक्तपुर, कटुन्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल, फोन नं.०१-६६१२०७४, ईमेल- droadbhaktapur@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | अस्टर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाडौं, नेपाल ईमेल : austerconsultant73@gmail.com, फोन नंः ९८५११९४५६० |

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/०३ गते का.जि.का.म.न.पा.वडा नं.६, सातातले चोक स्थित घर कम्पाउण्डको सडकखण्डमा पार्किङ गरी राखिएको अवस्थामा निलो/कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समयदेखि भोलिपल्ट २:०० बजे भित्रको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : विर बहादुर माझी**
**बाइक नं.: बा.प्र.-०२-०६५ प १४५६**
**च्यासिस नं.: MD2A13EX9TCK80247**
**इन्जिन नं. : DKKCSJ10526**
**ठेगाना : कपन, साततले चोक, काठमाडौं**
**सम्पर्क नं. ९८४३७०७८४७**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २५ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | व्यापार र पेशामा प्रगतिको सम्भावना छ । यात्राको अवसर आउन सक्छ । |
| **वृष** | पुराना काम पूरा हुनेछन् । साथीभाइसँगको सहकार्य फलदायी हुनेछ । |
| **मिथुन** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्च नियन्त्रणमा राखे लाभ हुनेछ । |
| **कर्कट** | परिवारबाट सहयोग मिल्नेछ । आर्थिक पक्ष क्रमशः सुदृढ बन्ने संकेत छ । |
| **सिंह** | काममा व्यस्तता बढ्नेछ । बोलीमा संयम अपनाउँदा सम्बन्ध राम्रो रहनेछ । |
| **कन्या** | आत्मविश्वास बढ्नेछ । अध्ययन र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | जिम्मेवारी बढ्न सक्छ । धैर्यका साथ अघि बढ्दा राम्रो परिणाम प्राप्त हुनेछ । |
| **वृश्चिक** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । आर्थिक लाभको अवसर मिल्नेछ । |
| **धनु** | सोचअनुसार काम अघि बढ्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मकर** | धैर्य र विवेकले चुनौती समाधान हुनेछ । नयाँ अवसरले उत्साह थप्नेछ । |
| **कुम्भ** | निर्णय गर्दा हतार नगर्नुहोस् । स्वास्थ्यमा सामान्य ध्यान दिनु उपयुक्त हुनेछ । |
| **मीन** | नयाँ योजना सुरु गर्न अनुकूल दिन छ । मान-सम्मान बढ्ने सम्भावना छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | |
| ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ साउन, २०८३ (१० अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.९० | १५२.५० |
| युरो | १ को | १७५.२६ | १७५.९५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.५७ | २०५.३८ |
| स्विस फ्रैन्क | १ को | १८७.६६ | १८८.४० |
| अस्ट्रेलियन डलर | १ को | १०७.०१ | १०७.४४ |
| क्यानाडियन डलर | १ को | १०७.९९ | १०८.४२ |
| सिङगापुर डलर | १ को | ११८.४७ | ११८.९४ |
| जापानी येन | १० को | ९.६३ | ९.६७ |
| चिनियाँ युआन | १ को | २२.५१ | २२.६० |
| साउदी अरब रियाल | १ को | ४०.४५ | ४०.६० |
| कतारी रियाल | १ को | ४१.६६ | ४१.८३ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.३६ | ४१.५२ |
| मलेसियन रिङेट | १ को | ३७.११ | ३७.२६ |
| दक्षिण कोरियन वन | १०० को | १०.६६ | १०.७० |
| स्विडिस क्रोनर | १ को | १५.९४ | १६.०१ |
| डेनिस क्रोनर | १ को | २३.४५ | २३.५४ |
| हङकङ डलर | १ को | १९.३७ | १९.४४ |
| कुवेती दिनार | १ को | ४९४.६३ | ४९६.५८ |
| बहराइन दिनार | १ को | ४०२.८६ | ४०४.४६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मनाइयो विश्व आदिवासी दिवस

## संविधान संशोधनमार्फत आदिवासी जनजातिको अधिकारका विषय समेट्नुपर्ने माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** ३२औं विश्व आदिवासी दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । यसै अवसरमा नेपाल आदिवासी जनजाति महासंघले काठमाडौंको खुलामञ्चमा मूल समारोह आयोजना सम्पन्न गरेको छ ।

मूल समारोह सुरु हुनुअघि विभिन्न जातीय पहिचान झल्कने झाँकीसहितको र्‍याली निकालिएको थियो । र्‍यालीमा आ–आफ्नो जातीय पहिचान झल्कने परम्परागत पोसाकमा सजिएर हजारौंको संख्यामा आदिवासी जनजातिहरू सहभागी भएका थिए । र्‍यालीपछि आयोजित मूल समारोहको उद्घाटन उपराष्ट्रपति रामसहायप्रसाद यादवले गरेका थिए ।

समारोहलाई सम्बोधन गर्दै उपराष्ट्रपति यादवले नेपालका परिवर्तनकारी ऐतिहासिक आन्दोलनमा आदिवासी जनजाति समुदायको महत्त्वपूर्ण योगदान र बलिदान रहेको बताए । उनले आन्दोलनमा योगदान गरेकैले त्यसको मर्म संविधान र राज्यव्यवस्थामा पनि समेटिएको बताए । नेपालको संविधानको मूल मर्म समावेशी लोकतन्त्र, सामाजिक न्याय तथा समान अवसर रहेकाले हातेमालो गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

लोकतन्त्र, गणतन्त्र र संघीयताको प्राप्ति आदिवासी जनजातिको अधिकार प्राप्तिको संघर्षसँग गहिरो रूपमा जोडिएको उपराष्ट्रपति यादवको भनाइ थियो । संविधानले आदिवासी जनजाति, मधेसी, सीमान्तकृत तथा उत्पीडित समुदायको अधिकार सुनिश्चित गरिसकेकाले अब तिनको व्यावहारिक कार्यान्वयन आजको मुख्य आवश्यकता रहेको उनले औंल्याए । 'समावेशिता केवल नारामा सीमित नभई राज्यका नीति, योजना, स्रोत र साधनका साथै शिक्षा, स्वास्थ्य, रोजगारी र निर्णय प्रक्रियाका हरेक तहमा समानुपातिक पहुँचका रूपमा देखिनुपर्छ,' उपराष्ट्रपति यादवले भने ।

सोही कार्यक्रममा बोल्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संविधान संशोधन गरेर आदिवासी जनजाति, अल्पसंख्यक र सीमान्तकृतका हकहितका विषय समेटिनुपर्ने बताए । उनले संविधान संशोधनका लागि सरकारले बनाएको समितिप्रति भने कांग्रेसको असहमति रहेको जानकारी दिए । विभिन्न जातजातिका नाच, झाँकी नेपालका मौलिक संस्कृति भएकाले यसलाई बचाइराख्नुपर्ने उनको भनाइ थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराजभक्त श्रेष्ठले नेपालको शक्ति विविधतामा भएकाले त्यसलाई सहिष्णुता र सामाजिक सद्भावका रूपमा बचाइराख्नुपर्ने बताए । नेपालको मौलिक पहिचानका रूपमा रहेको भाषिक, धार्मिक र सांस्कृतिक विविधतालाई विभिन्न जातका फूलबारीका रूपमा विकास गरिनुपर्नेमा जोड दिए । काठमाडौं महानगरपालिकाकी कार्यवाहक नगरप्रमुख सुनिता डंगोलले आदिवासी जनजातिलाई सामुदायिक विकासका रूपमा अघि बढाउनुपर्ने बताइन् । आदिवासी जनजातिको मौलिक संस्कृतिको संरक्षण र पुस्तान्तरणमा काम गरिनुपर्ने उनको भनाइ थियो ।

नेकपा एमालेका नेता पृथ्वीसुब्बा गुरुङले आदिवासीका विषयलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने बताए । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता सुरेश आलेमगरले आदिवासी जनजातिको हितका लागि काम गर्ने उद्देश्यले स्थापित महासंघले सीमान्तकृत आदिवासी जनजातिका विषय उठाउँदै आएको बताए ।

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) का नेपालस्थित प्रतिनिधि ज्याको डु टोइटले नेपालको प्रकृति, संस्कृति, सम्पदाको संरक्षणमा आदिवासी जनजातिको भूमिका महत्त्वपूर्ण रहेको बताए । विश्वसम्पदा संरक्षणमा पनि पनि आदिवासी जनजातिले खेलेको भूमिका महत्त्वपूर्ण रहेको उनले बताए । महासंघका अध्यक्ष निमा लामा ह्योल्मोले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) महासन्धिलाई नेपालले हस्ताक्षर गरेको १९ वर्ष पूरा भए पनि अझै नेपालले कानुन नबनाएकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए ।




## निर्णायक तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता हुनुपर्छः राष्ट्रपति




■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले राज्यको नीतिनिर्माण र निर्णायक तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन् । ३२औं विश्व आदिवासी दिवसका अवसरमा आइतबार आदिवासी जनजाति आयोगले आयोजना गरेको कार्यक्रममा उनले उक्त धारणा राखेका हुन् ।

उनले त्यस्तो सहभागिता सुनिश्चित गर्ने दायित्व सरकारको भएको बताए । पछिल्लो तथ्यांकअनुसार स्थानीय तहमा आदिवासी जनजातिको प्रतिनिधित्व उत्साहजनक रूपमा ३६.८ प्रतिशत रहेको उल्लेख गर्दै उनले बिस्तारै शिक्षामा पहुँच पुर्‍याएर अगाडि बढ्न आजको आवश्यकता भएको आफूलाई लागेको बताए ।

राष्ट्रपति पौडेलले मुलुकको संविधानले विविधतामा एकतालाई आत्मसात् गर्दै सबै समुदायको हक र हितलाई सुनिश्चित गरेको बताए । उनले हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक भएको बताउँदै परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको विशिष्ट पहिचान र संस्कृति नै नेपालको राष्ट्रिय गौरव भएको उल्लेख गरे । 'आदिवासी जनजातिहरू यस धर्तीका धर्तीपुत्रहरू हुन्, जसको जल, जमिन र प्राकृतिक स्रोतसँग अटुट र आध्यात्मिक सम्बन्ध रहेको छ,' उनले भने ।

राष्ट्रपति पौडेलले नेपाल आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय महासन्धि 'आइएलओ महासन्धि नं. १६९' अनुमोदन गर्ने दक्षिण एसियाकै पहिलो राष्ट्र भएको बताए । 'आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र जैविक विविधता महासन्धिप्रति हाम्रो पूर्ण प्रतिबद्धता रहेको छ,' उनले भने, 'यी अन्तर्राष्ट्रिय दस्तावेजहरूले आदिवासीको अधिकार र सांस्कृतिक स्वायत्ततालाई मान्यता दिएको छ ।' राष्ट्रपति पौडेलले आदिवासी जनजातिमा रहेको परम्परागत ज्ञान, सीप र प्रविधिलाई व्यावसायिक रूपान्तरण गरी उनीहरूको आर्थिक सशक्तीकरण गर्नु आजको आवश्यकता भएकोमा जोड दिए ।

## धुञ्चेमा ग्यास आपूर्ति व्यवस्थापनका लागि आकस्मिक अनुगमन

**रसुवा–** ग्यास आपूर्ति व्यवस्थापनलाई सहज बनाउन र बजारमा हुनसक्ने अनियमितता रोक्नका लागि रसुवाको गोसाइँकुण्ड गाउँपालिका–६ स्थित धुञ्चे बजारमा बजार अनुगमन गरिएको छ । जिल्ला बजार अनुगमन समितिद्वारा शनिबार साँझ आकस्मिक रूपमा बजारको विशेष अनुगमन गरेको हो ।

सहायक प्रमुख जिल्ला अधिकारीसमेत रहेको जिल्ला बजार अनुगमन समितिका संयोजक ध्रुवप्रसाद अधिकारीका अनुसार धुञ्चे बजारमा ग्यासको अभाव देखाएर लुकाइछिपाइ राखेका छन् भन्ने स्थानीयको गुनासोका आधारमा गोसाइँकुण्ड–६ धुञ्चे बजारमा समितिको नेतृत्वमा नेपाल प्रहरी तथा स्थानीय प्रशासनको सक्रिय सहभागितामा अनुगमन गरिएको हो ।

बजारमा खाना पकाउने एलपी ग्यासको उपलब्धता असहज बनाई अभाव देखाएर बढी मूल्यमा ग्यास बिक्री गर्नेलाई रोकेर उपभोक्तालाई ठगीबाट जोगाउन र व्यापारीलाई व्यावसायिक आचारसंहिता पालना गर्न सचेत गराइएको समितिका संयोजक अधिकारीले जानकारी दिए । शनिबारको बिदाका दिन उपभोक्ताको हितलाई ध्यानमा राख्दै अनुगमन टोलीले बजारका विभिन्न ग्यास डिपो तथा किराना पसलको निरीक्षण गरेको थियो । *रासस*


### कुवेतमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!

कम्पनी : SPIRIT REAL ESTATE DEVELOPMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२४ | LT. No. 342070 | चलानी नं. ६०२५५४२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 20 | 20 | 200 | ९८,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Attendants | 20 | 20 | 140 | ६९,०४० | | | | | | | |
| 3 | Steward/Cleaner | 15 | 0 | 100 | ४९,३२० | | | | | | | |
| 4 | Waiter/Waitress | 30 | 30 | 160 | ७८,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

### युएइमा रोजगार

कम्पनी : BLACKBIRD SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346241 | चलानी नं. ६०२५९५१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD (MALE) | 40 | 0 | 1200 | ४९,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264 (Narayan Khadka),
9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम ईजाजत नं. ५६७/०६२/०६३

### कुवेतमा रोजगार

कम्पनी : SYMPHONY STYLE HOTEL

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२४ | LT. No. 330618 | चलानी नं. ६०२४४३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 5 | 130 | ६४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 150 | ७३,९८० | | | | | | | |
| 3 | Housekeeping Attendants | 10 | 5 | 120 | ५९,१८५ | | | | | | | |
| 4 | Laundry Attendant | 10 | 10 | 120 | ५९,१८५ | | | | | | | |
| 5 | Receptionist | 0 | 10 | 150 | ६३,९८० | | | | | | | |
| 6 | Security Guard | 10 | 0 | 140 | ६९,०५० | | | | | | | |
| 7 | Steward | 8 | 0 | 100 | ४०,३२० | | | | | | | |
| 8 | Waiter/Waitress | 10 | 15 | 120 | ५९,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com
श्रम ईजाजत नं. ७०३/०६४/०६५


### पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँमैनपुर, पर्सा
मधेश प्रदेश, नेपाल

### मौजुदा सूचिमा सुचिकृत हुने सम्बन्धी सूचना

*(प्रकाशित मिति २०८३/०४/२५)*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट हुने खरिद सम्बन्धी कार्यको लागि सम्बन्धीत कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायको छुट्टाछुट्टै सूचि तयार गर्नु पर्ने व्यवस्था भए वमोजिम यस गाउँपालिकाको चालु आ.व.२०८३/०८४ को योजना/कार्यक्रमअन्तर्गत निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नुपर्ने भएको हुँदा खरिद प्रकृयामा सहभागी हुनका लागि मौजुदा सूचिमा सूचिकृत हुन चाह्ने ईच्छुक आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदाय योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरूलाई सूचिकृत हुन चाहेको समूह समेत स्पष्ट रूपमा खुलाई यस कार्यालयमा निम्न अनुसार एक/एकप्रत्ति कागजपत्रका प्रतिलिपिहरू सहित आवेदन पेश गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि सूचित गरिएको छ ।

**तपसिल**

(क) आफ्नो फर्म दर्ता वा सम्वन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नविकरण भएको ईजाजत पत्र,
(ख) मू.अ.करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,
(ग) आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र,
(घ) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

**प्रमुख प्रशासकीय अधिकृत**

### भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति**
वि.सं. २०४९/०३/०९ गते

**स्वर्गारोहण मिति**
वि.सं. २०८३/०४/१८ गते

**स्व. सरीना कार्की**

सुश्री सरीना कार्की को ३४ वर्षको उमेरमा असामयिक निधन भएको आज **८औं दिन**को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । शोकको यस घडीमा स्वर्गीय सुश्री प्रति **हार्दिक श्रद्धाञ्जली** एवं शोक सन्तप्त परिवारजन प्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**बुबा**
सुवर्ण कार्की
**आमा**
नानी कार्की
**दाजु/भाइ**
सुशिल कार्की

**दिदी/बहिनी**
नानी केसी
शर्मिला केसी
संगीता केसी
लक्ष्मी केसी
पार्वती अधिकारी

**फुपु/फुपाजु**
मैया केसी/बासुदेव केसी

**समस्त कार्की/के.सी. परिवार**
पुरानो कालिमाटी–१३, काठमाडौं

### इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि को सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने बारेको ३५ दिने अत्यन्त जरूरी सार्बजनिक सूचना

प्रकाशित मिति : २०८३/४/२५

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा व्याज हर्जाना आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखित तथा लिखित रुपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी वसेकोले मिति २०८२/१२/१२ गतेका दिन प्रभाब दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना र मिति २०८३/१/२४ गतेका दिन प्रभाव दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना र मिति २०८३/२/१८ गतेका दिन प्रभाब दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारे ७ दिने सूचना प्रकाशित गर्दा समेत आजका मिति सम्म पनि साँवा ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बसेको र संस्थालाई हानी नोक्सानी पुर्‍याउने उद्देश्य देखिएकोले यस संस्थाको सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिकी गर्ने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशित गएिको छ । उक्त म्यादभित्र पनि संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण साँवा ब्याज र हर्जना रकम बुझाई कर्जा चुक्ता गर्नु होला । उक्त म्याद भित्र साँवा ब्याज र हर्जना समेत चुक्ता नगरेमा यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनका दिन कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै झमेला नभएको तपशिल बमोजिमको जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, यस सहकारीको कर्जा नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिकी गरिने छ ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| <br>कर्जाको शिर्षक : ब्यबसायीक कर्जा<br>नाम -**मिना भण्डारी पाण्डेय**<br>बाबु -पुरुषोत्तम पाण्डेय<br>बाजे/ससुरा -यज्ञ प्रसाद भण्डारी<br>ठेगाना -तारकेश्वर, अर्यालतार ५,<br>ना.प्र.नं ८७९०८<br>मिति २०६०/०७/२१ नुवाकोट | <br>नाम-**राम शरण भण्डारी**<br>बाबु -यज्ञ प्रसाद भण्डारी<br>बाजे -ऋषि दन्त भण्डारी<br>ठेगाना -तारकेश्वर, अर्यालतार ५,<br>ना.प्र.नं १०३५<br>मिति २०४६/१२/१६ नुवाकोट |

**धितो सुरक्षण विवरणः** काठमाण्डौ जिल्ला, काभ्रेस्थली वडा नं. ५ स्थित मिना भण्डारी पाण्डेयको नाममा रहेको कित्ता नं. २४७७ को क्षे.फ १२७.१६ ब. मि भएको सम्पूर्ण घरजग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढि कबोल गर्ने ब्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा गुड फर पेमेन्ट चेक मार्फत धरौटी वापत सोही दिन यस संस्थामा बुझाउनु पर्ने छ ।
२) लिलाम सकार गर्ने ब्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत जफत हुने छ ।
३) लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सकार गरिने छ ।
४) तोकिएको लिलामको दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुने छ ।
५) डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने ब्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पुर्ण अधिकार सहकारीमा सुरक्षित हुने छ ।
६) लिलाम बिकि हुने अचल सम्पति (जग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस सहकारीमा कार्यालय समयभित्र सर्म्पक राख्न सक्नु हुने छ ।
७) काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं १६, बालाजु स्थित यस सहकारीको कार्यालयमा मिति २०८३/५/२९ गते अपह्नन्न १२ बजेदेखि ४ बजे सम्म उपरोक्त अचल सम्पतिको लिलामको डाँक बढाबढ हुनेछ ।
८) सहकारी ऐन, नियमावली तथा यस संस्थाको कर्जा नीति अनुसार लिलाम बिकि गनुपर्ने जायजेथा लिलाम बिकि गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पतिको स्वामित्व आफुमा लिन सक्ने छ ।
९) लिलाम बिकि गर्दा लागेको सम्पुर्ण खर्च ऋणी स्वयमले नै ब्यर्होनु पर्ने छ ।

**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रूग्ण उद्योगको पुनरूत्थानः नतिजा सकारात्मक, स्थायित्वमा चुनौती

**वर्षौंदेखि राजनीतिक हस्तक्षेप, फितलो व्यवस्थापन र भ्रष्टाचारको भुमरीमा परेर धराशायी बनेका राष्ट्रिय उद्योग तथा सार्वजनिक संस्थानहरूमा पछिल्लो समय देखिएको सुधारको संकेत निसन्देह आशालाग्दो छ । लामो समयदेखि धराशायी बनेका नेपाल औषधि लिमिटेड, हेटौंडा कपडा उद्योग, नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान (डिडिसी) र सिंहदरबार वैद्यखानाजस्ता सार्वजनिक निकायहरूमा देखिएका पछिल्ला प्रगति विवरणले यी निकायलाई पुनर्जीवित गर्न सकिन्छ भन्ने विश्वास जगाएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले नियत सफा राखेर इमान्दार प्रयास, कानुनको पालना र सामूहिक तत्परता देखाउने हो भने चुनौतीपूर्ण स्थितिमा पनि परिवर्तन सम्भव छ भन्ने दृष्टान्तका रूपमा यी संस्थानका हालैका उपलब्धि सार्वजनिक गरेका छन् ।**

**औषधि लिमिटेडले नाफा कमाउन थाल्नु र डब्लुएचओको 'जिएमपी' मापदण्ड हासिल गर्नु, नेपाल वायुसेवा निगमको आम्दानी र सिट अकुपेन्सी बढ्नु, दुग्ध विकास संस्थानले किसानको वर्षौंदेखिको बक्यौता आधाभन्दा बढी घटाएर दैनिक राजस्व वृद्धि गर्नु तथा वैद्यखानाले आयुर्वेदिक औषधिको उत्पादन चार गुणाले बढाउनुजस्ता पक्षहरू निकै सकारात्मक छन् । दशकौंदेखि बन्द हेटौंडा कपडा उद्योगमा तान मर्मत गरी परीक्षण उत्पादन सुरु हुनुले पनि औद्योगिक पुनरुत्थानको दिशामा एउटा ईँटा थपेको छ । यी प्रारम्भिक नतिजाहरूले राज्यको इच्छाशक्ति हुँदा अलपत्र परेका पूर्वाधारहरूलाई पुनः गतिशील बनाउन सकिन्छ भन्ने स्पष्ट सन्देश दिएका छन् ।**

**तर, सुधारका यी प्रारम्भिक कदमहरूलाई नै अन्तिम वा ठूलो उपलब्धि मानेर आत्मरतिमा रमाउनु प्रत्युत्पादक हुन सक्छ । विगतको इतिहास हेर्दा नेपालका सार्वजनिक संस्थानहरूमा नेतृत्व वा सरकार परिवर्तन हुनासाथ केही समयका लागि तात्कालिक सुधार देखिने तर नेतृत्व फेरिएपछि पुनः पुरानै रुग्ण अवस्थामा फर्किने नियति पटक–पटक दोहोरिएको छ । त्यसैले अहिले देखिएका सकारात्मक नतिजाहरू संस्थागत हुन् कि केवल तात्कालिक 'स्टन्ट' मात्र हुन् भन्ने प्रश्नलाई नकार्न मिल्दैन ।**

**अबको मुख्य चुनौती भनेकै यी सुधारका कदमहरूलाई संस्थागत, व्यावसायिक र दिगो बनाउनु हो । यसका लागि सरकारले सबैभन्दा पहिले सार्वजनिक संस्थानहरूलाई राजनीतिक हस्तक्षेपबाट पूर्णरूपमा मुक्त गराउने कानुनी र संरचनात्मक ग्यारेन्टी गर्नुपर्छ । संस्थानका नेतृत्व र कर्मचारीको नियुक्ति तथा पदोन्नतिमा दलीय भागबण्डा होइन, योग्यता र कार्यक्षमतालाई मात्र आधार बनाउने पद्धति बसाल्नु अत्यावश्यक छ । साथै, आधुनिक प्रविधिको प्रयोग, पारदर्शी वित्तीय प्रणाली, बजारको प्रतिस्पर्धी क्षमता अभिवृद्धि र चुस्त व्यवस्थापनलाई संस्थानको दीर्घकालीन नीतिकै रूपमा स्थापित गरिनुपर्छ ।**

**सार्वजनिक संस्थानहरू भनेका जनताको करबाट निर्मित राष्ट्रिय सम्पत्ति हुन् । यिनलाई केवल सरकारको अनुदान वा तात्कालिक प्रचारको माध्यम बनाउनुको साटो व्यावसायिकरूपमा आत्मनिर्भर र नाफामूलक बनाउनु राज्यको दायित्व हो । हाल देखिएका आशाका किरणहरूलाई ओझेल पर्न नदिन सरकारले क्षणिक प्रशंसामा भुल्नुभन्दा पनि नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारमार्फत यी संस्थानहरूलाई स्थायी रूपमा प्रतिस्पर्धी र सुदृढ बनाउनेतर्फ गम्भीर ध्यान दिनैपर्छ ।**

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ ।

# नेपालमा सार्वजनिक व्यय व्यवस्थापन र जवाफदेहिता



❑ गम्भीरबहादुर हाडा

> नेपालको सरकारी खर्च (पुँजीगत खर्च) अन्तर्गत देखिएका प्रमुख समस्यामध्ये एक जनताप्रति प्रत्यक्षरूपमा जवाफदेही र उत्तरदायी नहुनु हो । माथिल्लो निकाय र शक्तिकेन्द्रप्रतिको भक्तिमा अडेको छ । प्रक्रिया र कानुनी जटिलताले गर्दा समस्यामूलक र कठोर बन्दै गएको छ, जिम्मेवारी पन्छाउने प्रवृत्ति अत्यधिक मात्रामा रहेको छ । राजनीतिक दलसँग आबद्ध भएकाले पदसोपान, आदेशको शृंखला टुटेको छ, प्रभावित भएको छ ।

सरकारले राज्य सञ्चालनका लागि आवश्यक विभिन्न खर्चहरू व्यहोर्ने गर्दछ र जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ । यसलाई नै सार्वजनिक व्यय भनिन्छ । यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्च रकमहरू समावेश हुन्छ ।

यातायात र सञ्चारजस्ता आर्थिक विकासका आधारभूत आधारशीलाहरूसँग सम्बन्धित गतिविधिहरूको निर्माण र उत्थान गर्न, कृषि, उद्योग एवं वाणिज्यको विकासमा सहयोग पुर्‍याउने हेतुले विकासात्मक कार्यक्रमहरू र आयोजनाहरू सञ्चालन गर्न, प्राकृतिक साधन र स्रोतहरूको उत्थान र परिचालन गरी राष्ट्रिय उत्पादनको दरमा वृद्धि ल्याउन, विद्युत्, पिउने पानीजस्ता सार्वजनिक वस्तुको निर्माण गरेर नागरिकलाई सेवा सुविधाहरू उपलब्ध गराउन तथा उत्पादन वृद्धि गर्न सुरक्षात्मक प्रबन्ध र जीवनस्तरमा वृद्धि गर्न पनि सार्वजनिक व्ययको महत्त्व रहन्छ । सार्वजनिक खर्च विशेषगरी साधारण खर्च र पुँजीगत खर्चका रूपमा दुई शीर्षकमा गरिन्छ ।

नेपालको राजस्व प्रणालीअन्तर्गत आयकरमा स्वयं कर घोषणा गरी कर र विवरण बुझाउने, भन्सारमा कारोबार मूल्यको स्वयं घोषणा गरी महसुल बुझाउने, अन्तःशुल्कमा स्वयं निष्काशन प्रणालीबाट विवरण र कर बुझाउने, वित्तीय महत्त्व र राजस्व जोखिमको आधारमा छनोटपूर्ण जाँचपास परीक्षण गरी कर कानुनको परिपालना गराई स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व संकलन गर्ने नीति लिएको पाइन्छ ।

लोकतान्त्रिक शासन प्रणालीमा जवाफदेहिता सर्वाधिक महत्त्वको विषय हो । राज्यको स्रोत साधन र शक्तिको प्रयोग जवाफदेहितापूर्ण ढंगले गर्न गराउन सकेमात्र नतिजामूलक राज्यप्रणाली स्थापित हुन सक्छ । सीमित शासन, नतिजा प्राप्ति र पुस्टचाइँको साथै सरोकारवालालाई जवाफदेहिता हो । जवाफदेहिताका संवैधानिक, कानुनी र संस्थागत व्यवस्थाका बाबजुद नेपालमा स्वतः स्फूर्त जवाफदेही हुने भन्दा बाध्यात्मक र औपचारिकतामा सीमित हुनु, प्रदेश र स्थानीय तहमा पद्धति स्थापित भई अपेक्षाकृत क्रियाशील हुन सकेको छैन ।

सार्वजनिक पदमा रहेको पदाधिकारीले आफूलाई प्राप्त अधिकार, शक्ति र स्रोतको प्रयोग गरी गरिएको निर्णय वा कार्यसम्पादन सम्बन्धमा सरोकारवालासामु जवाफ दिनुपर्ने दायित्व नै सार्वजनिक उत्तरदायित्व हो । उत्तरदायित्व एकातिर जिम्मेवारी निर्वाह गर्नुपर्दछ भने अर्कोतर्फ जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रयोग गरिएका अधिकार शक्ति र स्रोतको औचित्यता पुष्टि गर्न सरोकारवालालाई जवाफ दिनुपर्दछ । जवाफदेहिताभित्र केन्द्रित हुने विषयहरूमाः शक्तिको प्रयोगप्रतिको जवाफदेहिता, कार्यसम्पादन र उपलब्धिप्रतिको जवाफदेहिता, वित्तीय साधनप्रतिको जवाफदेहिता, कार्यव्यवहार, आचरण र नैतिकताप्रतिको जवाफदेहिता पर्दछ ।

विश्व बैंकले संरचनात्मक सुधार नहुँदा नेपालको पुँजीगत खर्च निराशाजनक हुँदै गएको प्रतिवेदन सार्वजनिक गरेको छ । बैंकले सार्वजनिक गरेको नेपाल डेभलपमेन्ट अपडेटः रिफर्मस् टु एक्सिलेरेट पब्लिक इन्भेस्टमेण्ट' प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्ष (सन् २०२० देखि २०२४ सम्म) पुँजीगत बजेट विनियोजनको करिब ६० प्रतिशतमात्र खर्च भएको छ । जबकि सन् २०१२ देखि २०१९ सम्म पुँजीगत बजेट विनियोजनको ७४ प्रतिशत खर्च भएको थियो । प्रतिवेदनले पुँजीगत बजेट खर्चमात्र होइन, विनियोजनमा पनि सन् २०२१ पछि ठूलो परिमाणमा कटौती हुँदै गएको तथ्यांक प्रस्तुत गरेको छ । आर्थिक वर्ष २०२० मा संघ र प्रदेशमा गरी कूल गार्हस्थ उत्पादन (जिडिपी) को १९.८ प्रतिशत पुँजीगत बजेट विनियोजन भएको थियो । यसपछि प्रत्येक वर्ष वृद्धि हुँदै जानुपर्नेमा सन् २०२४ मा आइपुग्दा ११.९ प्रतिशतमा झरेको छ । विश्व बैंकले सन् २०१९ मा गरेको पूर्वाधार क्षेत्र मूल्यांकनसम्बन्धी प्रतिवेदनले पूर्वाधार खाडललाई पूरा गर्ने गरी अघि बढ्ने हो भने जिडिपीको १० देखि १५ प्रतिशत लगानी गर्नुपर्ने निष्कर्ष निकालेको थियो । यो निष्कर्षअनुसारको लगानी नभएको पछिल्लो प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनले पछिल्ला ३० वर्षमा पुँजीगत खर्च विनियोजन्या पनि ठूलो अन्तर आएको उल्लेख गरेको छ । सन् २०१९ मा जिडिपीको ५४ प्रतिशतमात्र पुँजीगत खर्चका लागि छुटचाइएको छ । जबकि सन् १९९० मा यस्तो हिस्सा ७५ प्रतिशत थियो ।

चाखलाग्दो के छ भने सन् २०२२ मा विदेशी सहायताको पुँजीगत रकम एकतिहाइ मात्र खर्च भएको छ । अनेक सुधारका बाबजुद पनि स्थानीय तहको पुँजीगत खर्च ७० प्रतिशतभन्दा न्यून छ । प्रदेश सरकारको पुँजीगत खर्च पनि उत्साहजनक देखिँदैन । पछिल्ला तीन आर्थिक वर्षमा ७० प्रतिशतभन्दा तल झरेको छ । प्रतिवेदनले समग्रमा न्यून खर्चका कारण सन् २०२१ देखि २०२४ सम्म औसतमा जिडिपीको पाँच प्रतिशत सार्वजनिक लगानी घटाएको निष्कर्ष निकालेको छ । नेपालजस्तो पूर्वाधार लगानीमा ठूलो खाडल भएको देशका लागि यो अपूरणीय क्षति भएको बैंकले उल्लेख गरेको छ ।

विश्व बैंकले नेपालको दिगो आर्थिक वृद्धिका लागि पुँजीगत बजेट वृद्धि र प्रभावकारी कार्यालायनलाई उच्च प्राथमिकता दिएको छ । सार्वजनिक लगानी (पुँजीगत बजेट) कार्यान्वयनमा सबैभन्दा पहिलो कमजोरी योजना बनाउने र बजेट विनियोजन गर्ने बजेट विनियोजन नहुँदा पूर्वाधार परियोजना सम्पन्न बेलामै हुने गरेको उसले उल्लेख गरेको छ । प्रभावकारी हुने समय अत्यधिक लम्बिने गरेका छन् । विश्व बैंकले उदाहरणको रूपमा आर्थिक वर्ष २०२४ मा १७ वटा राष्ट्रिय गौरवका आयोजनालाई विनियोजन गरिएको बजेटलाई प्रस्तुत गरेको छ । त्यो वर्षको जति नै बजेट विनियोजन गर्दै जाने हो भने ती गौरवका आयोजना सम्पन्न हुन ४१ वर्ष लाग्ने विश्व बैंकका अर्थशास्त्री जोवाओ मोरर्गाडोले बताएका छन् । आयोजना बनाउने र बजेट विनियोजनका लागि व्यवस्था गरिएको राष्ट्रिय आयोजना बैंकलाई उद्देश्यअनुसार सञ्चालन नगर्दाको परिणाम भएको बैंकको ठहर छ । कामअनुसारको बजेट नहुँदा समस्या देखिएको र त्यसलाई औचित्यपूर्ण बनाउनुपर्ने सुझाव उसले दिएको छ । यसका साथै दोस्रो कारणको रूपमा विनियोजन प्रभावकारी नहुँदा रकमान्तर उच्च रूपमा बढेको निष्कर्ष छ ।

नेपालको सरकारी खर्च (पुँजीगत खर्च) अन्तर्गत देखिएका प्रमुख समस्यामध्ये एक जनताप्रति प्रत्यक्षरूपमा जवाफदेही र उत्तरदायी नहुनु हो । माथिल्लो निकाय र शक्तिकेन्द्रप्रतिको भक्तिमा अडेको छ । प्रक्रिया र कानुनी जटिलताले गर्दा समस्यामूलक र कठोर बन्दै गएको छ, जिम्मेवारी पन्छाउने प्रवृत्ति अत्यधिक मात्रामा रहेको छ । राजनीतिक दलसँग आबद्ध भएकाले पदसोपान, आदेशको शृंखला टुटेको छ, प्रभावित भएको छ ।

आधुनिक प्रशासनिक पद्धतिको जानकारी, सूचना प्रविधिको प्रयोग गर्न सक्नेगरी क्षमता विकास, परिवर्तनको बोध र आत्मसात् गराउन क्षमता विकास गराउने रणनीतिक कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक रहेको छ । निजामती सेवाले हाल गरिरहेका कार्यहरूको लेखाजोखा गर्दै आगामी दिनमा संघीय संरचनाअनुसार के-कस्ता कार्य संघ वा केन्द्रीय निजामती सेवले गर्नुपर्ने हो, के-कस्ता कार्य प्रदेश र के-कस्ता कार्य स्थानीय तहबाट सम्पादन गरिनुपर्दछ भन्ने स्पष्ट विश्लेषण गर्नु आवश्यक छ ।

संघ प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकम कानुनबमोजिम विनियोजन र खर्च हुन सकेको छैन । अन्तरप्रदेश र अन्तरस्थानीय तहबीच आर्थिक क्रियाकलाप र खर्च हुन सकेको छैन । अन्तरप्रदेश र अन्तरस्थानीय तहबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गरी दोहरोपन हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन । वित्तीय संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन । खर्चको मूल्यांकन, लेखापरीक्षण र खर्चको प्रतिवेदन तयार गरी उपलब्धिको लेखाजोखा गर्ने संयन्त्रको विकास हुन सकेको छैन । विभाज्य कोषहरू स्थापना भएका तर पूर्णरूपमा कार्यान्वयनमा आउन सकेका छैनन् ।

चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चको हिस्सा बढाउन नसकिएको, पुँजीगत खर्च कूल बजेटको करिब २५ प्रतिशत जतिमात्र विनियोजन गरिने, विनियोजनको पनि दुई-तीन प्रतिशत जतिमात्र खर्च हुने समस्या छ । पुँजीगत बजेटको ठूलो हिस्सा आर्थिक वर्षको अन्त्यमा खर्च हुने गरेको छ । पर्याप्त पूर्वतयारीविनै आयोजना कार्यान्वयनमा लैजानु, विस्तृत परियोजना प्रतिवेदनविना आयोजना छनोट हुनु, अघिल्ला कमीकमजोरीको समीक्षा नगरी बजेट विनियोजन गरिनु, कार्यान्वयनमा जान नसकेका पुरानै आयोजनालाई निरन्तरता दिनु यसका मुख्य समस्या हुन् । उच्च संख्याका विकास आयोजना, प्रतिआयोजना न्यून लगानी, खर्च सम्भाव्य आयोजनामा स्रोतको न्यूनता र खर्च नहुने आयोजनामा रकम फ्रिज हुने गरेको छ । विकास खर्चमा अन्तर्राष्ट्रिय विकास सहायतामाथिको परनिर्भरता छ । विकास सहायता परिचालनको कमजोर अवस्था छ । यस्ता समस्यालाई सम्बोधन गरिनुपर्छ ।

## पाठक मञ्च

# 'अग्रगामी मोर्चा': अस्तित्व रक्षाको संघर्ष कि निष्ठाको पुनरागमन ?

प्रतिनिधिसभाको पछिल्लो निर्वाचनमा अनपेक्षित परिणाम बेहोरेपछि अस्तित्व संकटमा परेका मधेसकेन्द्रित, पहिचानवादी तथा प्रगतिशील दाबी गर्ने आठ दलहरू मिलेर 'अग्रगामी मोर्चा' गठन गरेका छन् । उपेन्द्र यादव, महन्थ ठाकुर, डा. सिके राउत, प्रभु साह, रेशम चौधरी र जनार्दन शर्माजस्ता स्थापित तथा आन्दोलनकारी पृष्ठभूमिका नेताहरू एकै मञ्चमा उभिएर सर्वसत्तावाद, अधिनायकवाद र प्राप्त उपलब्धिको रक्षाको दुहाइ दिइरहेका छन् । तर, एक नागरिकको नाताले यो मोर्चाबन्दीलाई केवल सिद्धान्त र निष्ठाको आवरणमा हेर्न सकिने अवस्था भने छैन ।

विगतका जनआन्दोलन, मधेस विद्रोह, जनजाति तथा थारू आन्दोलनबाट प्राप्त संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षताजस्ता उपलब्धिहरूमाथि चौतर्फी चुनौती थपिएको कुरा सत्य हो । केन्द्रीय सत्ताको अधिकार केन्द्रीकृत गर्ने सोच र शक्ति सन्तुलनका नाममा भइरहेका दलीय खेलहरूले जनतामा व्यापक निराशा पैदा गरेको छ । यही मर्मलाई समात्दै मोर्चाका नेताहरूले सरकार विचारविहीन भएको, संवैधानिक निकायहरू निकम्मा बनाइएको र जनताको अवस्था परिवर्तन हुन नसकेको टिप्पणी गरेका छन् । कुरा सुन्दा यो मोर्चा जनताका अधिकार र प्राप्त उपलब्धिको ढाल बन्न खोजेजस्तो देखिन्छ ।

तर प्रश्न उठ्छ- यी नेताहरू स्वयं हिजोका दिनमा कहाँ थिए ? सत्ताको तानातान र मन्त्रालयको बार्गेनिङमा पटक-पटक सामेल भई पद प्राप्त गर्दा यिनले यही संघीयता र समावेशितालाई कसरी उपयोग गरे ?

महन्थ ठाकुरले राजनीतिलाई 'डर्टी गेम' भन्दै सत्ता र नेतृत्वमा पुग्न 'अष्टावक्रझैं टेढा-मेढा बाटो' हिँड्नुपर्ने स्वाभाविक अभिव्यक्ति दिएका छन् । यो भनाइले नै उनीहरूको राजनीतिक चरित्र र नियतलाई छर्लंग पार्छ । जब राजनीतिलाई सेवा, नीति र सिद्धान्तभन्दा पनि 'डर्टी गेम' र सत्ता प्राप्तिको टेढो बाटो मानिन्छ, तब त्यस्ता मोर्चाबाट आमनागरिकले कस्तो परिवर्तनको अपेक्षा गर्ने ? विगतमा पनि हामीले दर्जनौं मोर्चा, गठबन्धन र एकताहरू देखिसकेका छौं, जुन सत्ताको स्वाद पाउनासाथ भत्किने र सत्ताबाहिर पुग्नासाथ एकाएक 'अग्रगामी' र 'क्रान्तिकारी' बन्ने गरेका छन् ।

संसदीय निर्वाचनमा प्राप्त धक्कापछि आफ्ना आधार क्षेत्र (भोट बैंक) खस्किएका बेला गठन भएको यो मोर्चा वास्तवमा सिद्धान्तको रक्षाका लागि भन्दा पनि राजनीतिक अस्तित्व बचाउने एउटा रणनीतिक उपक्रममात्र हो कि भन्ने शंका गर्ने प्रशस्त ठाउँ छ । जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीजस्ता दलहरू एकै समयमा मधेस र थारूहटमा आपसमा कडा प्रतिस्पर्धी र राजनीतिक शत्रुझैं प्रस्तुत भएका थिए । आज एकाएक उनीहरूबीच भएको यो अंकमाल केवल आउँदो चुनावमा राजनीतिक सान्दर्भिकता जोगाउने र सत्तामा पुग्ने भऱ्याङ बनाउने दाउपेचमात्र प्रतीत हुन्छ ।

यदि यी दलहरू साँचो अर्थमा 'अग्रगामी' बन्न चाहन्छन् भने उनीहरूले आफ्ना पुराना गल्तीहरूको गम्भीर समीक्षा गर्नुपर्छ । विगतमा सत्तामा पुग्दा सुशासन दिन नसकेको, आफ्नै कार्यकर्ता र जनतालाई भोट बैंकका रूपमामात्र प्रयोग गरेको र आन्दोलनका उपलब्धिहरूलाई व्यक्तिगत वा दलीय स्वार्थमा साटेकोमा जनतासामु आत्मलोचना गर्नुपर्छ । सरकारको विरोध गर्नु र अधिनायकवादको नारा दिनु जति सहज छ, जनताको विश्वास जित्नु त्यति नै कठिन छ ।

नेपालको राजनीतिमा नयाँ-नयाँ मोर्चा र गठबन्धन बन्नु अनौठो होइन । तर, यदि यो 'अग्रगामी मोर्चा' पनि सत्ता प्राप्तिका लागि रचिएको अर्को रणनीतिक खेलमात्र बन्यो भने यसले नेपाली राजनीतिप्रतिको जनवितृष्णालाई अझ बढाउने छ । नेताहरूले सत्ताकेन्द्रित खेल छाडेर साँचो अर्थमा जनभावना, सुशासन र संघीयताको सुदृढीकरणका लागि काम नगरेसम्म जनताले यस्ता कागजी मोर्चाहरूलाई पत्याउने छैनन् ।

- **राजेन्द्र भण्डारी**
बारा, (हाल काठमाडौं)



**आदिवासी दिवसमा झाँकी** | ३२औं विश्व आदिवासी दिवसको अवसरमा नेपाल आदिवासी जनजाति महासंघ व्यास नगर समन्वय परिषद्ले आइतबार दमौलीमा निकालेको झाँकी । *तस्बिर: रासस*

# धनकुटामा मनाइयो विश्व आदिवासी दिवस

**धनकुटा (प्रस)–** ३२औं विश्व आदिवासी दिवस धनकुटाको पाख्रिबासमा विभिन्न कार्यक्रमसहित मनाइएको छ । दिवसका अवसरमा आइतबार विभिन्न जातजातिका सांस्कृतिक झाँकीसहित र्‍याली निकालिएको थियो । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् धनकुटाको आयोजनामा निकालिएको झाँकी तथा र्‍यालीमा विभिन्न जातजातिका सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएका थिए ।

र्‍याली पाख्रिबास बजारको परिक्रमा गरी संसारी सिमसार क्षेत्रमा पुगेर समारोहमा परिणत भएको थियो । ‘प्राप्त अधिकारको रक्षा आजको आवश्यकता, पहिचानसहितको समावेशी र न्यायपूर्ण नेपाल निर्माणमा हाम्रो साझा प्रतिबद्धता’ भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा आदिवासी जनजातिको पहिचान, अधिकार संरक्षण तथा समावेशी र न्यायपूर्ण समाज निर्माणका विषयमा जोड दिइएको थियो ।

कार्यक्रममा आदिवासी जनजातिका भाषा, संस्कृति, परम्परा र पहिचान संरक्षणसँगै प्राप्त अधिकारको रक्षा तथा थप अधिकारका लागि एकताबद्ध भएर अघि बढ्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन् । साथै जल, जमिन र जंगलमा आदिवासी जनजातिको अग्राधिकार कायम गर्न तथा आदिवासीको स्वायत्त क्षेत्र कायम गर्न माग गरिएको थियो ।

यसै अवसरमा समाज तथा विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएको भन्दै ज्ञानबहादुर गुरुङ र निरोज गुरुङ, जनजाति महासंघ पाख्रिबास नगरसमन्वय समितिलाई जग्गा प्रदान गरेबापत जग्गादाता अर्जुन गुरुङ, पूर्वनगर अध्यक्ष हरिबहादुर राई र थर्कमान श्रेष्ठलाई सम्मान गरिएको थियो ।

सन् १९९४ डिसेम्बर २३ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले अगस्ट ९ तारिखलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । सोहीअनुसार हरेक वर्ष उक्त मितिमा विश्वका आदिवासीहरूले यो दिवस मनाउँदै आएका छन् ।

# ‘सिजेरियन’ सेवा ठप्प हुँदा तेह्रथुमका गर्भवतीलाई छ घण्टाको यात्रा

**तेह्रथुम–** जिल्ला अस्पतालमा शल्यक्रियामार्फत प्रसूति (सिजेरियन) सेवा ठप्प हुँदा सेवाग्राही मारमा परेका छन् । गत असार मसान्तदेखि आवश्यक जनशक्तिको अभावमा सिजेरियन सेवा बन्द भएपछि प्राकृतिक तरिकाले सुत्केरी हुनेबाहेकका गर्भवतीहरू प्रसूति गराउन धरान, विराटनगरलगायतका तराईका जिल्ला अस्पतालहरूमा जानुपर्ने बाध्यता छ ।



म्याङलुङ नगरपालिका-४ पिप्लेकी निर्मला श्रेष्ठलाई शनिबार बिहान प्रसूति व्यथा लागेपछि जिल्ला अस्पताल ल्याइएको थियो । प्राकृतिकरूपमा प्रसूति हुन नसक्ने अवस्था देखिएपछि शल्यक्रिया गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले उनलाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको उनका श्रीमान् सुरेन श्रेष्ठले बताए । ‘१० हजार रूपैयाँ भाडा तिरेर इभी गाडी रिजर्भ गरी सुत्केरी व्यथा लागेको श्रीमतीलाई करिब छ घण्टाको यात्रा गरेर प्रसूति गराउन लैजानुपर्दा निकै समस्या भएको छ,’ उनले भने ।

फेदाप गाउँपालिका-१ सिम्लेकी फूलमाया कार्कीले पनि प्रसूति गराउने समय कटिसकेपछि सिजेरियन सेवा उपलब्ध नभएकै कारण बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान जानुपरेको बताइन् । ‘लामो समयदेखि जिल्लामा यो सुविधा पाइरहेका थियौं । आफ्नै सन्तान जन्माउने समयमा सेवा नपाउँदा दुःख लागेको छ,’ उनले भनिन्, ‘सुत्केरी हुनका लागि तराईका जिल्ला जानुपर्दा आर्थिक भार त पर्छ नै चिसो ठाउँमा बसेका मान्छेलाई गर्मीका कारण पनि असहज हुन्छ । जिल्लामै सेवा पाए हावापानी अनुकूल हुनुका साथै खर्च पनि कम हुन्थ्यो । चाँडोभन्दा चाँडो जिल्ला अस्पतालबाटै सेवा सञ्चालन हुनुपर्छ ।’

जिल्ला अस्पताल प्रशासनका अनुसार विगत १० वर्षदेखि ‘निक साइमन’ नामक गैरसरकारी संस्थाको सहयोगमा प्रसूति शल्यक्रियाका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुँदै आएको थियो । उक्त संस्थाले एमडिजिपी चिकित्सक, मेडिकल अधिकृत, स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, बायोमेडिकल टेक्निसियन र एनेस्थेसिया असिस्टेन्ट गरी छ जना जनशक्ति व्यवस्थापन गर्दै आएको थियो ।

निक साइमनको परियोजना समाप्त भएपछि आवश्यक जनशक्तिको अभावमा सिजेरियन सेवा बन्द भएको जिल्ला अस्पताल तेह्रथुमकी सूचना अधिकारी महेन्द्रकुमारी खड्काले बताइन् । उनका अनुसार सामान्य अवस्थामा जिल्ला अस्पतालमा महिनामा ३० देखि ३५ जनासम्मले प्रसूति सेवा लिने गरेका थिए तर असार मसान्तदेखि सिजेरियन सेवा बन्द भएपछि चालु महिनामा हालसम्म छ जनालेमात्रै अस्पतालबाट प्रसूति सेवा लिएका छन् ।

सिजेरियन सेवा आवश्यक पर्ने गर्भवतीलाई पाँचदेखि छ घण्टाको सडक यात्रापछि मात्र तराईका सुविधासम्पन्न अस्पतालमा पुर्‍याउनुपर्ने भएकाले जोखिम मोल्न नचाहने सेवाग्राही जिल्ला अस्पतालमा प्रसूति सेवा लिन नआउने गरेको उनले बताइन् । आर्थिक वर्ष २०८२/८३ मा जिल्ला अस्पताल तेह्रथुमबाट ४४ जनाको शल्यक्रियामार्फत प्रसूति गराइएको थियो । हाल प्राकृतिक रूपमा हुने प्रसूतिबाहेक कृत्रिम औषधि प्रयोग गर्नुपरेमा पहिलो सन्तान ‘अप्रेसन’बाट सुत्केरी गराइएका गर्भवतीलाई जिल्ला बाहिरका अस्पतालमा ‘रेफर’ गर्ने गरिएको जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. खड्गलाल पयांगु लिम्बूले बताए ।

उनका अनुसार सिजेरियन सेवा पुनः सञ्चालनका लागि एमडिजिपी चिकित्सक उपलब्ध गराउन जिल्ला अस्पतालले प्रदेश स्वास्थ्य मन्त्रालयसँग माग गरिरहेको छ । एनेस्थेसिया सेवाका लागि आवश्यक जनशक्ति भने अस्पताल विकास कोषबाट व्यवस्थापन गर्ने तयारी भइरहेको उनले बताए । जिल्ला अस्पतालमा तेह्रथुमका अतिरिक्त छिमेकी जिल्ला संखुवासभाको मादी, मूलखर्कलगायत क्षेत्रबाटसमेत सेवाग्राही प्रसूति सेवा लिन आउने गरेका छन् । *रासस*


## कतारमा रोजगार
कम्पनी : REGENCY SHOPPING COMPLEX

पूर्व स्वीकृति मिति : २०८३/04/२३ | LT. No. 341793 | चलानी नं. ६०२५५१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 3 | 1500 | ६२,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesperson (Male) | 6 | 0 | 1500 | ६२,६८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## साउदीमा रोजगार
कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/२४ | LT. No. 320767 | चलानी नं. ६०२३४९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 27 | 0 | 1800 | ७२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७
**HYHIRE INTERNATIONAL PVT. LTD.**
(East West Overseas Service Pvt. Ltd), Sinamangal-9, Kathmandu, Bagmati, Tel: 01-4581308, Email : info@hyhire.com.np

## युएइमा रोजगार
कम्पनी : FOCUS POWER SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/09/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/२४ | LT. No. 337009 | चलानी नं. ६०२५०५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER. | 8 | 0 | 1500 | ६२,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guards | 17 | 5 | 1200 | ४९,७३५ | | | | | | | |

कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING @ MAINTENANCE- LLC

पूर्व स्वीकृति मिति : २०८२/११/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/२४ | LT. No. 339040 | चलानी नं. ६०२५२५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 34 | 0 | 1000 | ४१,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 27 | 0 | 1200 | ४९,७३५ | | | | | | | |
| 3 | Life Guards | 5 | 0 | 1200 | ४९,७३५ | | | | | | | |
| 4 | Cleaner | 15 | 0 | 1000 | ४१,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

## साउदीमा रोजगार
कम्पनी : DYNAMIC PARTS TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/04/२१२ | LT. No. 346244 | चलानी नं. ६०२५९५२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOAD AND UNLOAD WORKERS | 1 | 0 | 1000 | ४०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## बहराइनमा रोजगार
कम्पनी : AMBIKA RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/04/२१ | LT. No. 346173 | चलानी नं. ६०२५९५१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Restaurant) | 3 | 0 | 120 | ४८,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

## युएइमा रोजगार
कम्पनी : JEREH OIL & GAS ENGINEERING CORPORATION

पूर्व स्वीकृति मिति : २०८२/04/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/२४ | LT. No. 328759 | चलानी नं. ६०२४२६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bobcat Operator | 6 | 0 | 2700 | ७०,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coating Machine Operator | 2 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 3 | Crane Operator | 4 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 4 | Dump Truck Driver | 6 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 5 | E & I Helpers | 10 | 0 | 2000 | ८२,८९५ | | | | | | | |
| 6 | Excavator Operator | 8 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 7 | Foreman-hydrotest | 2 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 8 | Forklift Operator | 8 | 0 | 2500 | १०३,६७५ | | | | | | | |
| 9 | Hiab Operator | 3 | 0 | 2400 | ९९,४७० | | | | | | | |
| 10 | Hp Technicians/hydro Blaster | 3 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 11 | Hydro Operator | 3 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 12 | Labour | 2 | 0 | 1200 | ४९,७३५ | | | | | | | |
| 13 | Mason | 4 | 0 | 1500 | ६२,१७० | | | | | | | |
| 14 | Painting Worker | 1 | 0 | 1700 | ७०,४६० | | | | | | | |
| 15 | Pipe Fabricator | 10 | 0 | 2000 | ८२,८९५ | | | | | | | |
| 16 | Scaffolder | 1 | 0 | 1500 | ६२,१७० | | | | | | | |
| 17 | Shovel Operator | 5 | 0 | 3000 | १२४,३४० | | | | | | | |
| 18 | Welder | 8 | 0 | 3000 | १२४,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १ गते (17th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com






## इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को साँवा ब्याज चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८३/०४/२५

राष्ट्रिय सहकारी बैंकको मिति २०८३/०४/१८ च नं १९/०८३/०८४ को लिलामी गर्ने सहमती पत्र अनुसार यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज हर्जाना आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी वसेकोले मिति २०८३/०४/२० बसेको संचालक समितिको बैठकमा निर्णय भए बमोजिम कारोबार दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारेको ३५ दिने जरुरी सार्बजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण साँवा ब्याज र हर्जना रकम बुझाई कर्जा चुक्ता गर्नु होला । उक्त म्याद भित्र पनी साँवा ब्याज र हर्जना समेत चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै झमेला नभएको तपशिल बमोजिमको जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस सहकारीको कर्जा नीति र प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरिने छ । तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखीने ब्यहोरा र तपाईको अन्य सम्पती रोक्का राखीने ब्यहोरा समेत अवगत गराउदछौं ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| **१. नाम -विजय विक्रम शाह**<br>बाबु -देवेन्द्र बहादुर शाह<br>बाजे -पहलमान शाह<br>ठेगाना -का.म.न.पा.-०७, पशुपती मार्ग, चाहविल<br>ना.प्र.नं ६९-०१-७१-०००४३<br>मिति २०७१/०१/०३ अछाम<br>**कर्जाको शिर्षक :ब्यबसायीक कर्जा**  | नाम- **पृथ्वी बहादुर शाह**<br>बाबु -देवेन्द्र बहादुर शाह<br>बाजे -पहलमान शाह<br>ठेगाना -का.म.न.पा. -७  |
| **धितो सुरक्षण विवरण:** काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७ स्थित विजय विक्रम शाहको नाममा रहेको कित्ता नं. २३२ को क्षे.फ १९०.७४ ब. मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | |
| **२) नाम- किरण कुमार रिजाल**<br>बाबु- गणेश कुमार रिजाल<br>बाजे- कृष्ण बहादुर रिजाल<br>ठेगाना : काभ्रेस्थली ७<br>(ना.प्र.प नं ४२०३४ नुवाकोट)<br>**कर्जाको शिर्षक :ब्यबसायीक कर्जा**  | नाम -**संगिता थापा रिजाल**<br>(ना.प्र.प ७१५८७ नुवाकोट)<br>ठेगाना-तारकेश्वर, मनमैजु वडा नं -१८  |
| **धितो सुरक्षण विवरण:** नुवाकोट जिल्ला, चौघडा गा.वि.स. वडा नं. ३ स्थित संगिता थापा रिजालको नाममा रहेको कित्ता नं. १०१७, २७६, १०२३ र १०२५ को क्षे.फ २५४३.७०, ५४४.५१, ३३३.८६ र ३१.८० भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | |

**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९६९०० | प्रति तोला – ० | प्रति तोला – ४५८० |



**ग्यास लिन उपभोक्ताको संघर्ष** | जुम्लाको चन्दननाथ नगरपालिका–६ स्थित बसपार्कमा रहेको लुना सप्लायर्समा आइतबार खाना पकाउने एलपी ग्यासका लागि सिलिण्डरसहित लामबद्ध बसेका उपभोक्ता । *तस्बिरः रासस*

# ग्यास अभाव नहुने ग्यास उद्योग संघको दाबी

## अनावश्यक सिलिण्डर सञ्चय नगर्न आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशभर खाना पकाउने ग्यास पाउन उपभोक्ताले सास्ती बेहोरिरहेका बेला नेपाल एलपी ग्यास उद्योग संघले ग्यास अभाव नहुने दाबी गरेको छ । संघले पछिल्लो समय ग्यासको आयात लगातार वृद्धि भइरहेकाले अनावश्यक सिलिण्डर सञ्चय 'होल्ड' नगर्न उपभोक्तासँग आग्रह गरेको छ ।

भारतबाट सहजै एलपी ग्यासको आयात हुनुका साथै उद्योगबाट सिलिण्डर 'रिफिलिङ' (भर्ने काम) गरी निरन्तर बजारीकरण भइरहेकाले आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न संघले सबैमा आग्रह गरेको हो । 'उपभोक्ताले अतिरिक्त ग्यास खरिद नगर्ने हो भने अहिले देखिएको ग्यास अभावको समस्या तत्कालै समाधान हुने देखिन्छ । आगामी दिनमा पनि ग्यास आपूर्तिमा समस्या नहुने भएकाले ग्यासको अभाव देखिने सम्भावना छैन,' संघका अध्यक्ष दिवानबहादुर चन्दले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल आयल निगमको पहलमा भारतको विभिन्न शोधनशाला (रिफाइनरी) बाट सहजरूपमा हाल एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भइरहेको बताइएको छ । पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ । यस आधारमा चालु आवको साउनमा करिब ५५ हजार मेट्रिकटन ग्यास आयात हुने अनुमान गरिएको छ ।

गत आवको सोही अवधिमा ४४ हजार ३१८ मेट्रिकटन ग्यास आयात भएको थियो । उपभोक्तालाई बजारको मागअनुसार ग्यास उपलब्ध गराउन हरसम्भव प्रयास गरिरहेको जनाउँदै ग्यास उद्योग संघले घरायसी प्रयोगकर्ता उपभोक्तालाई प्राथमिकतामा राखी ग्यास बिक्रीवितरण गर्न पनि बिक्रेतासँग आग्रह गरेको छ ।

### कालोबजारी रोक्न अनुगमन तीव्र

खाना पकाउने ग्यासमा कालोबजारी रोक्न र सहज आपूर्ति बढाउन गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा बजार अनुगमन तीव्र पारिएको छ । भारतबाट ग्यास आयातमा कुनै समस्या नरहे पनि बजारमा एकाएक कृत्रिम अभाव सिर्जना गरी कालोबजारी भइरहेको भन्दै उद्योग मन्त्रालयमा लगातार गुनासो तथा सूचना प्राप्त भएपछि अनुगमन कडाइ गरिएको हो ।

उद्योग मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीका अनुसार बजार अनुगमनलाई निरन्तरताका साथै प्रभावकारी बनाइएको छ भने आपूर्तिमा क्रमशः सहजता आउन थालेको छ । ग्यासको आपूर्ति सहज हुँदाहुँदै पनि कृत्रिम अभाव देखाएर उपभोक्तालाई समस्यामा पार्ने तथा महँगो मूल्यमा बिक्री गर्ने गतिविधि नियन्त्रण गर्न उद्योगमन्त्री गौरीकुमारी यादवले गृहमन्त्री सुधन गुरुङसँग अनुगमनका लागि काठमाडौं उपत्यकाका डिपोहरूमा सुरक्षाकर्मी परिचालन गर्न आग्रह गरेकी थिइन् ।

मन्त्री यादवको आग्रहपछि गृहमन्त्री गुरुङले प्रहरी प्रशासनलाई आवश्यक समन्वय र सहजीकरणका लागि निर्देशन दिएको गृहमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

# इलाममा अदुवाको आकर्षक मूल्य, खेती विस्तार गर्दै किसान



**इलाम–** माङसेबुङ गाउँपालिका-२ का किसान देशराज लिम्बूले गत वर्ष अदुवा बेचेर तीन लाख १५ हजार रूपैयाँ हात पारे । अदुवाको मुख्य उत्पादन (बच्चा) प्रतिमन (४० केजी) चार हजार ५०० रूपैयाँका दरले बिक्री गरेका हुन् । 'गत वर्ष अदुवाको मूल्य थियो, उत्पादन पनि मनग्य भएकाले आम्दानी पनि प्रशस्त भयो,' उनले भने ।

पाँच रोपनीमा अदुवाखेती गरी ९० मन उत्पादन गरेका उनले २० मन बीउ राखेर बाँकी बेचे । उनले १२० मन उत्पादन हुने अपेक्षाका साथ यस वर्ष २० मन बीउ रोपेका छन् । उनले भने, 'पोहोरकै जस्तो मूल्य आयो भने यस वर्ष पाँच लाखभन्दा बढी आम्दानी गर्ने छु ।'

माङसेबुङ-२ का अर्का किसान राजकुमार राईले गत वर्ष अदुवा बेचेर दुई लाख रूपैयाँभन्दा बढी आम्दानी गरे । ५० मन अदुवा चार हजार रूपैयाँका दरले बेचेका उनले यस वर्ष २० मन रोपेका छन् । यस वर्ष आम्दानी बढाउने उनको लक्ष्य छ । 'परिवारको घर खर्च र छोराछोरीको पढाइ खर्च अदुवाको आम्दानीले नै धान्ने गरेको छ,' उनले भने, 'यस वर्षदेखि खेती बढाएकाले आउँदो वर्षदेखि केही रकम बचत हुनसक्छ ।'

माङसेबुङ-३ का किसान तेजु राईले यस वर्ष ६० मन अदुवा रोपेका छन् । १० रोपनीमा व्यावसायिक खेती थालेका उनले यसअघि १० मन बीउ माटोमा उपयोग गरेका थिए । जिल्लाका किसान अदुवाप्रति आकर्षित भएकाले आफू पनि व्यावसायिक खेतीतर्फ अग्रसर भएको उनी बताउँछन् । आकर्षक आम्दानीका कारण धान र अन्य खेती छाडेर किसान अदुवाखेतीमा लागेका उनको कथन छ ।

उत्पादनका बेला प्रतिमन चार हजार ५०० रूपैयाँसम्म पुगेको अदुवाको भाउ अहिले माउ प्रतिमन सात हजार रूपैयाँसम्म पुगेको छ । बच्चा र माउको मनासिव मूल्य पाएपछि किसानहरू अदुवाखेतीतर्फ आकर्षित भएका कृषि ज्ञान केन्द्रले जनाएको छ ।

माउ अदुवा झापाको धुलाबारीमा अहिले प्रतिमन सात हजार रूपैयाँसम्म बिक्री हुने गरेको छ भने इलाममा छ हजारमा किनबेच भइरहेको स्थानीय व्यापारी राम जवेगूले बताए । उनले भने, 'बच्चाबाट छुट्टै र माउबाट छुट्टै आम्दानी हुने भएकाले किसानलाई दोहोरो फाइदा छ ।'

यहाँका किसानले ठूलो (भैँसे), मझौला र साना गरी तीन किसिमका अदुवाखेती गर्दै आएका छन् । भदौसम्म माउ अदुवाको बिक्री हुने अदुवाको मुख्य उत्पादन कात्तिकदेखि जेठसम्म हुन्छ । जिल्लाको मुख्य व्यापारिक केन्द्र इलाम बजारका साथै बिब्ल्याँटे, मंगलबारे, गजुरमुखी, चतुरे, माङसेबुङ, पशुपतिनगर, दानबारी, हर्कटेलगायत बजारमा यहाँको अदुवा खपत हुने गरेको छ । केन्द्रका अनुसार इलाममा तीन हजार २२१ हेक्टर क्षेत्रमा व्यावसायिक अदुवाखेती हुँदै आएको छ । गत वर्ष यहाँ ५० हजार ६२० मेट्रिक टन अदुवा उत्पादन भएको थियो । *रासस*

# सात महिनाको सम्झौता, दुई वर्षमा सकिएन

**बागलुङ–** निर्माण व्यवसायीको चरम लापरवाही बागलुङ जिल्ला सदरमुकामको एक राजमार्गमा देखिएको छ । बागलुङ बजारको रामरेखादेखि उपल्लाचौरसम्मको जम्मा दुई किलोमिटर सडक दुई वर्षमा पनि सकिएको छैन ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बांगेचौरदेखि उपल्लाचौरसम्मको दुई किलोमिटर सडक सात महिनामा सक्नेगरी सम्झौता भएकामा दुई वर्ष बित्न लाग्दा पनि अझै सडक कालोपत्र भएको छैन । दुई किलोमिटर १०० मिटर सडक स्तरोन्नतिसहित कालोपत्र सम्पन्न गर्नेगरी २०८१ फागुनमा २०८२ भदौ १५ गते सम्पन्न गर्नेगरी काम थालिए पनि ठेकेदारको ढिलासुस्तीले काम काम नसकिएको हो ।

सडक डिभिजन कार्यालयअन्तर्गत ठेक्कामा लगाइएको उक्त सडकमा बेस र कालोपत्र गर्न अझै बाँकी छ । छ करोड ७२ लाख ६५ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेर एचसिबिजिसिएस कम्पनीले काम गरे पनि अझै सम्पन्न गर्न नसकेको हो । २०८२ भदौ १५ मा काम नसकिएपछि पहिलोपटक २०८३ असार मसान्तसम्म म्याद थपिएकामा उक्त समयमासमेत काम नसक्दा सरकारको खरिद संशोधनअन्तर्गत नै २०८३ असोज मसान्तसम्म म्याद थपिएको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी विष्णु लामिछानेले जानकारी दिए ।

सडक निर्माणको दुई वर्ष बित्नैलाग्दासमेत ८० प्रतिशत भौतिक प्रगति रहेको छ । 'तत्कालका लागि १२ मिटर चौडाको दुई लेन सडकमा नाली निर्माण, टेवा पर्खाल लगाउने र कल्भर्ट बनाउने र सबबेस बनाउने काम सकिएको छ, निर्माण व्यवसायीले विभिन्न समस्या देखाउँदै काम गर्न ढिलाइ गरेकाले अब बेस र कालोपत्रको काममात्रै बाँकी छ,' इञ्जिनियर लामिछानेले भने ।

अस्फाल्ट कंक्रिटबाट सडक कालोपत्र गरिने तयारी छ । अस्फाल्ट कंक्रिटबाट सडक कालोपत्र गर्दा लामो समय टिकाउ हुने र बर्सेनि सडक मर्मत र खाडल पुर्नुपर्ने झण्झटबाट केही हदसम्म मुक्ति मिल्ने लामिछानेको भनाइ छ ।

निर्माण कम्पनीका प्रतिनिधि सुरेश श्रेष्ठले बिटुमिनको अभाव र पेट्रोलियम पदार्थको मूल्यवृद्धिले कालोपत्रको काम गर्न नसकिएको बताए । सडक संरचनाको सबै काम सकिएकाले थपिएको समयमा पर्याप्त मजदुर र उपकरण प्रयोग गरेर कालोपत्रको काम सम्पन्न हुने श्रेष्ठले बताए । सडक मापदण्डमा परेका घरटहरा, जग्गा जमिन र विभिन्न संरचनाका कारण यहाँ लामो समयदेखि स्तरोन्नतिको काम रोकिएको थियो ।

लोकमार्ग विस्तार गर्दा घरघडेरी क्षति हुँदा उठिबास हुने भन्दै प्रभावित क्षेत्रका बासिन्दाले संघर्ष समिति नै बनाएर सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक विस्तार र कालोपत्रको काम हुनसकेको थिएन । सर्वोच्चले बाङेचौरदेखि उपल्लाचौरको बुर्तिवाङ चोकसम्म १५ मिटर बाटो कायम गरिदिएपछि स्तरोन्नतिको काम अघि बढेको थियो । सडक स्तरोन्नति नहुँदा दुर्घटनाको जोखिम बढ्नुका साथै खाल्डाखुल्डीले सवारीसाधन आवागमनमा असहज भइरहेको छ । *रासस*

## कर्पोरेट

### पोखरामा बिवाइडीको सर्भिस सेन्टर सञ्चालनमा



**पोखरा (प्रस)–** कास्कीको पोखरामा बिवाइडी गाडीको आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा आएको छ । बिवाइडी अटो इण्डस्ट्री कम्पनीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंक प्रालिले आफ्नो आधिकारिक डिलर फ्ल्यास मोबिलिटी प्रालिमार्फत पोखरामा बिवाइडीको आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको हो । पोखरा महानगरपालिका-१०, बुद्धचोकस्थित यो नयाँ सर्भिस सेन्टरसँगै पोखरामा बिवाइडीको थ्रिएस (सेल्स, सर्भिस तथा स्पेयर पार्ट्स) सुविधा पूर्णरूपमा सञ्चालनमा आएको कम्पनीले जनाएको छ । यसले गण्डकी प्रदेश तथा आसपासका क्षेत्रका बिवाइडी ग्राहकलाई अझ सहज, भरपर्दो र स्तरीय बिक्रीपछिको सेवा उपलब्ध गराई अपनत्वको अनुभव दिलाउने अपेक्षा गरिएको छ ।

उक्त सर्भिस सेन्टरको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गरेका थिए । बिवाइडीले नेपालभर आफ्नो बिक्रीपछिको सेवा सञ्जाल तीव्र रूपमा विस्तार गरिरहेको अवस्थामा पोखरामा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा आउनु कम्पनीका लागि अर्को महत्त्वपूर्ण उपलब्धि भएको बिवाइडी नेपालले जनाएको छ । यसका साथै, ग्राहकलाई सवारी बिक्रीपश्चात्समेत सुपेरियर र सिन्सेयर सर्भिस प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई यसले थप मजबुत बनाएको कम्पनीको भनाइ छ ।

### सांग्रिला बैंकका ग्राहक र कर्मचारीलाई ट्रांक्यूलिटी स्पामा छुट



**काठमाडौं (प्रस)–** सांग्रिला डेभलपमेन्ट बैंक र ट्रांक्यूलिटी स्पाबीच छुटसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहक र कर्मचारीले ट्रांक्यूलिटी स्पाका विभिन्न सेवामा छुट पाउने छन् ।

बैंकका कर्मचारीलाई व्यक्तिगत स्पामा २५ प्रतिशत र व्यक्तिगत ब्युटी सेवाहरूमा १५ प्रतिशत तथा यस बैंकमा खाता खोलेका ग्राहकका लागि व्यक्तिगत स्पामा २० प्रतिशत र व्यक्तिगत ब्युटी सेवाहरूमा १५ प्रतिशत छुट उपलब्ध हुने बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सम्झौतापत्रमा सांग्रिला डेभलपमेन्ट बैंकका वरिष्ठ नायब महाप्रबन्धक अपूर्वप्रसाद जोशी र ट्रांक्यूलिटि प्रालिकी लर्निङ एण्ड डेभलपमेन्ट म्यानेजर निर्मला भोछिभोयाले हस्ताक्षर गरेका छन् । यो सम्झौता यही साउन महिनादेखि दुई वर्षका लागि लागू हुने बैंकले जनाएको छ ।

### सिताराम गोकुल मिल्क्सका उत्पादन अब डिजिटल प्लेटफर्ममा




**काठमाडौं (प्रस)–** दुग्ध उत्पादक कम्पनी सिताराम गोकुल मिल्क्स प्रालिले नयाँ वेबसाइट सञ्चालनमा ल्याएको छ । आफ्ना उपभोक्ताहरूलाई थप सहज र आधुनिक सेवा प्रदान गर्ने उद्देश्यले नयाँ बेबसाइट सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ । यसका साथै कम्पनीले आगामी एक साताभित्रै एण्ड्रोइड तथा आईओएस दुवै प्लेटफर्ममा उपलब्ध हुनेगरी आफ्नै मोबाइल एप पनि सार्वजनिक गर्ने घोषणा गरेको छ ।

कम्पनीको सानेपास्थित केन्द्रीय कार्यालयमा आयोजित एक विशेष कार्यक्रमकाबीच कम्पनीका प्रबन्ध निर्देशक सुमित केडियाले उक्त डिजिटल प्लेटफर्मको आधिकारिक शुभारम्भ गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'आज सार्वजनिक गरिएको नयाँ वेबसाइट र छिट्टै आउने मोबाइल एपले हाम्रा उपभोक्ताहरूलाई घरमै बसी-बसी शुद्ध दूध, घिउ, दही, पनिर, लस्सी, बटर तथा आइसक्रिमजस्ता उत्पादनहरूको जानकारी लिन र अनलाइन अर्डर गर्न मद्दत पुऱ्याउने छ ।'

यस प्लेटफर्ममार्फत ग्राहकहरूले कम्पनीका सम्पूर्ण दुग्धजन्य उत्पादनहरूको विस्तृत जानकारी, मूल्य र पोषण विवरण पारदर्शी रूपमा हेर्न र घरमै बसी-बसी सजिलै अनलाइन अर्डर गर्न सक्ने उनले जानकारी दिए । प्लेटफर्ममा ग्राहकहरूले सब्स्कृप्सन मोडलमार्फत पनि सामग्रीहरू खरिद गर्न मिल्ने बनाइएको कम्पनीले जनाएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ